# प्रदेश सभा

## गण्डकी प्रदेश

## बिशेष अधिवेशन २०७८

## (तेस्रो बैठक)

प्रदेश सभाको विशेष अधिवेशनको तेश्रो बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १:३९ बजे बस्यो।

### माननीय सभामुख

माननीय सदस्यहरु, प्रदेश सभाको बिशेष अधिवेशनको तेस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ। मिति २०७८ वैशाख १४ गते गरिएको पिसिआर परीक्षणमा केही माननीय सदस्यहरुको पोजेटिभ रिपोर्ट आएको जानकारी प्राप्त भएको छ उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । पोजेटिभ रिपोर्ट आएका माननीय सदस्यहरुको लागि बस्न बिशेष व्यवस्था गरिएकोछ। उहाँहरुको लागि सचिवालयका कर्मचारीहरुले सहयोग पुऱ्याउनुहुनेछ ।

माननीय सदस्यहरु, अब, माननीय सदस्य श्री कृष्ण चन्द्र नेपाली पोखरेलले नेपालको संबिधानको धारा १८८ को उपधारा (४) तथा प्रदेश सभा नियमावलीको नियम १४४ को उपनियम (१) बमोजिम माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ माथि प्रदेश सभाको विश्वास छैन भनि मिति २०७८ वैशाख १३ गते सभा समक्ष प्रस्तुत गर्नु भएको अविश्वासको प्रस्ताव माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु, निर्धारित समय भित्र आफना भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम, माननीय श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन  समय दिन्छु ।

## माननीय कृष्ण बहादुर थापा

माननीय सभामुखज्यू, आज हामी यो सम्मानित सभामा यो प्रस्ताव उपर छलफल गरिरहेका छौं। सर्वप्रथमतः हामी नयाँ वर्षको सुरुवातमै छौं। यहाँ उपस्थित सम्पूर्ण आदरणीय सहयोद्धा सम्मानित माननीयज्यूहरु सबै सबैलाई म हार्दिक नयाँ वर्षको शुभकामना र शुभेच्छा ब्यक्त गर्न चाहन्छु र व्यक्तिगत तवरमा मैले के सोचिराथैं भने यो भन्दा अगाडि हामीले संकल्प प्रस्ताव पास गरेका  थियौं र त्यो संकल्प प्रस्ताव पछाडि माननीयज्यूहरुको टिम सबै जिल्लामा अनुगमनमा गएको थियो र अब हामी यो अधिवेशनमा आइपुग्दा त्यो संकल्प प्रस्तावहरुलाई हामीले संकल्प गरेका विषयहरुलाई कार्यान्वयन गर्नको लागि त्यस्ता विषयहरु यो सम्मानित सदनमा आउँछन् होला भन्ने मलाई लागेको  थियो तर आज ती विषयहरु जो वास्तवमा जनताको प्रत्यक्ष सरोकारका विषयहरु थिए र यो कोरोनाको विरुद्धमा केन्द्रित जनताको हितमा उठेका विषयहरुलाई हामी सबैले सर्वसम्मत कार्यान्वयन गर्नको लागि तत्परता देखाएका थियौं तर दुखद पक्ष भनेको आज त्यो विषय नआइकन नयाँ वर्षको सुरुवातमै अब हामीले सबैले त्यो फिल गरिराछौं जस्तो लाग्छ मलाई एकखालको अशोभनीय विषयहरु यहाँ आइरहेका  छन् र सरसर्ती मैले यो अविश्वासको प्रस्ताव पढें। सर्वप्रथमतः हामी सबैले यो सम्मानित सभामा उपस्थित भएका माननीयज्यूहरुले एकपटक छातीमा हात राखेर साँच्चि यहाँ लेखेका कुराहरु सत्य छन् त साँचो छन् त ? एकपटक सोचौं। अझै यहाँ धेरै यो व्याख्या आन्दोलनका कुरा आदि/ इत्यादि गरिएको पनि छ र यो त सदन सकेपछि जुन माननीयज्यूले यो ड्राफ्ट गर्नुभयो सदन सकिएपछि एकपटक ऐनामा गएर राम्रोसँग चिसो पानीले मुख धोएर छातीमा हात राखेर समीक्षा गर्नुहुनेछ भन्ने म विश्वास गर्न  चाहन्छु र यो अविश्वासको प्रस्तावमा पाँच वटा कन्टेन्टहरु पाँच वटा विषयहरुलाई लक्षित गरिएको  छ। पहिलो विषय  छ एक

खालको यो बलियो बनाउनुपर्ने यसलाई स्थिरता दिनुपर्ने राजनीतिक आदि इत्यादि कुरा गर्नुभाछ।  यहाँ प्रश्न गर्न चाहन्छु यो सम्मानित सभामा एउटा ठूलो पार्टी जुन पार्टीले २७/ २७ जना सभासद्हरुको यहाँ उपस्थिति छ। नेपाल कम्युनिष्ट पार्टी नेकपा एमाले र त्यसपछाडि सदन र सभासद्ले पनि यो पार्टीलाई विश्वास गर्नुभएको छ।  एउटा २८/ २८ जना सभासद् लिएर बसेको एउटा मेजर पार्टीलाई एक खालको वाइपास गरेर त्योसँग पनि संवादै नगरिकन कुनै सहकार्य पनि नगरिकन जुन ढंङ्गले एक खालको स्थिरताका कुरा गरिएको छ मलाई लाग्छ यो वाइघात बकपास मात्र हो त्यो भन्दा बढी कुरा केही पनि होइन र अर्को विषय यो बजेटको न्यून खर्च आदि इत्यादि छन् । यहाँहरु सबैले त्यो बजेट हेर्न सक्नुहुन्छ। वास्तवमा साँच्चै न्यून खर्च भाछ र यस्तो यो भयावह अवस्थामा पनि बजेट हुनुपर्ने भन्दा बढी खर्च भएको छ र तेश्रो विषय छ यो भ्रष्टाचार, कोरोना आदिका कुरा। ल तपाईहरु भन्नुहोस् यो सरकारमा रहेका मन्त्री मुख्यमन्त्रीज्यूले  कसले वास्तवमा त्यो काम गर्नुभाछ ?  के भन्न सक्नुहुन्छ ? प्रमाण पेश गर्न सक्नुहुन्छ ?  यो पनि वाइघात कुरा हो। बरु भएको के छ भने मुख्यमन्त्रीले सबैसँग सहकार्य गरेर अझै सत्तापक्षका सभासद् भन्दा प्रतिपक्षका सभासद्हरुलाई धेरै प्रभावकारितामा राखेर जुन आफ्नो एउटा लोकतान्त्रिक मूल्य र मान्यतालाई त्यो आफ्नो सभ्य, सुसंस्कृत संस्कारलाई देखाउनुभयो के त्यसको मूल्याङ्कन गर्नुपर्दैन? बरु भयो के भने प्रतिपक्ष कुरा एकदम गुलिया गर्नुभयो, मिठा गर्नुभयो, बडा लोकतन्त्रका गर्नुभयो। यो हाम्रो एउटा भनाइ छ नि मुखमा राम राम बगलीमा सधैं  तपाईको छुरा लिएर   हिंड्ने त्यो कामहरु भयो। त्यो वास्तवमा मूल्याङ्कन गर्नु पर्छ कि पर्दैन? अहिले नगरेपनि इतिहासमा त्यस्को मूल्याङ्कन हुनेछ। एउटा हिंउदले मात्रै जाडो जाँदैन। चुनाव फेरि पनि आउँदैछ। अब फागुनमा स्थानीय चुनाव हुनेछ त्यसपछाडिको एक वर्षपछि फेरि हामी अर्को चुनावमा  जानेछौं। त्यो बेलामा सबै गण्डकी प्रदेशका जनताले त्यसको हिसाव किताव वास्तवमा गर्नेछन् भन्ने मलाई लाग्छ। त्यसपछाडि समितिलाई बजेट दिइएन/ कम दिइयो र तत्कालिन माओबादीका मन्त्रीहरुलाई एकखालको सबै अधिकार दिइएन। के वास्तवमा यो विषय

भन्न सुहाउँछ? के साँच्चि यसमा सत्यता  चाहिँ छ? साथीहरु यही हुनुहुन्छ सबै हिजो हामी सबै सहमतिमा सर्वसम्मत निर्णय गरेर चाहिँ गएका हौं। तसर्थ मलाई लाग्छ यो पाँच वटा विषय यो अविश्वासको प्रस्तावमा उठाइएको छ यो एक खालको वाइघात छ, तथ्यहीन छ। यो सबैको आधारमा के भन्न सकिन्छ भने यो अविश्वासको प्रस्ताव यस खालको आग्रह, पूर्वाग्रहले मात्रै प्रेरित छैन अप्राकृतिक राजनीतिक गठबन्धन र मात्र सत्तालिप्सामा यो  केन्द्रित छ। हामी सबैले सगौरव त्यो कुरा  भन्न सक्छौं। तसर्थ यहाँ लेखिएका विषयहरु सब एक खालको झुट छ र वाइघात छ। त्यति मात्रै होइन सभामुख महोदय, अहिले दिनप्रतिदिन कोरोनाको यति ठूलो डर छ र अहिले यो सदनबाट हामीले दिनुपर्ने के हो हामीले दिनपर्ने के हो ? कोरोनाले छटपटाएको बिरामीले पाउनुपर्ने  के हो ? अहिले अक्सिजन पाउनपर्‍यो, भ्यान्टिलेटर पाउनपर्‍यो, सुविधा सम्पन्न अस्पतालका वार्डहरु पाउनुपर्‍यो तर आज यो अविश्वासको प्रस्ताव त्यो अक्सिजन त्यो भेन्टिलेटर लिएर आएको छैन कोरोनाका बिरामीहरुका लागि यो अविश्वासको प्रस्ताव कात्रो बनेर आएको छ सभामुख महोदय कात्रो बनेर आएको छ यो वाइघात छ। तसर्थ अझै पनि, अझै पनि समय बितेको छैन। हामी सबै यदि साँच्चै नै यो प्रदेशका जनताप्रति जवाफदेही हुने हो जनताप्रतिको विश्वास छ भने हामीले अझै सोच्न  सक्छौं। यो अविश्वासको प्रस्ताव यो गण्डकी प्रदेशका जनताले हिजो आफ्नो मतबाट जुन अभिमत जाहेर गर्नुभयो त्यो मतको विरुद्धमा छ। गण्डकी प्रदेशका जनताले दिएको निर्वाचनको अभिमत भनेको स्वभाविक यो देशमा यो प्रदेशमा परिवर्तन चाहने राजनीतिक स्थायीत्व चाहने विकास चाहने  विकास पनि अग्रगमनको विकास चाहने शान्ति र सुशासनको लागि यो देशका कम्युनिष्टहरुलाई बामपन्थीहरुलाई वास्तवमा त्यो अभिमत जाहेर गरेका  थिए। तसर्थ यो अविश्वासको प्रस्ताव गण्डकी प्रदेशका जनताले दिएको मतको त्यो अभिमतको विरुद्धमा छ र म यो सम्मानित सभामा ठोकुवाका साथ एउटा जिम्मेवार सदस्यको हैसियतले एउटा निरन्तर लामो समय सम्म यो देशको लोकतन्त्रका लागि गणतन्त्रका लागि लडेको एउटा योद्धाको हिसावले म यो सम्मानित सभामा के ठोकुवा गर्न चाहन्छु भने सभामुख महोदय, यो

अविश्वासको प्रस्ताव त्यो फाटेको धोती जस्तो छ। त्यो जुनसुकै बेला पनि च्यातिन सक्छ। यता तान्यो उता पुग्दैन उता तान्यो यता पुग्दैन। स्वभाविक छ त्यसको अवस्था त्यही नै हुनेछ र अर्को पनि म  के दावा गर्न चाहन्छु भने कथंकदाचित त्यो दुर्घटना घटिहाल्यो भने पनि मलाई लाग्छ यो त्यति धेरै लामो समय अथवा यसले यो गण्डकी प्रदेशका जनताको अभिमतको नेतृत्व गर्दैन। प्रतिनिधित्व गर्दैन। जनताको अभिमतको विरुद्धमा भएको हुनाले स्वभाविक जसरी यो अप्राकृतिक क्रियाकलापले कोरोना दिनप्रतिदिन बढिरहेको छ। स्वभाविक यो अविश्वासको प्रस्ताव पनि अप्राकृतिक क्रियाकलाप भएको कारणले त्यसको मारमा  पर्छ। म यो ठोकुवा गर्न चाहन्छु। सभामुख महोदय, तसर्थ यो अविश्वासको प्रस्ताव मार्फत् जुन गण्डकी प्रदेशमा राजनीतिक अस्थिरता फैलाउन खोजिएको छ र गण्डकी प्रदेश सरकारले यति धेरै मोडेल काम गरेको छ। आज बिहानको मात्रै कुरा गर्ने हो भने विश्वविद्यालयको शिलन्यास भएको छ। नेपालमै पहिलो पटक  हाम्रै अगाडि  प्रतिष्ठानको स्थापना भएको छ। (माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो) यति सबै राम्रो काम गर्दा गर्दै पनि जुन गण्डकी प्रदेशका सम्मानित मुख्यमन्त्रीका विरुद्धमा जुन यो षडयन्त्र भएको छ यो षडयन्त्र छिटो भन्दा छिटो समाप्त हुनेछ र गण्डकी प्रदेशका जनताले फेरि पनि वास्तवमा त्यो एउटा मौका र त्यो सुशासनयुक्त शासन जुन भोगिरहेका छन् फेरि त्यो  त्यसको निरन्तरता हुने विश्वास (माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो) गर्दै मलाई यो बोल्ने समय दिनुभएकोमा सभामुखलाई धन्यबाद दिदै जाँदाजाँदै सभामुखज्यूले पनि आफ्नो इतिहासलाई राम्रोसँग ख्याल गरिदिनुहुन पनि हार्दिक अनुरोध गर्दै बिदा हुन चाहन्छु धन्यबाद।

## माननीय सभामुख

माननीय श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन  समय दिन्छु ।

## माननीय जुनादेवी नेपाली

माननीय सभामुखज्यू,  आज हामी विशेष परिवेशमा विशेष अधिवेशनको अविश्वासको प्रस्ताव उपर छलफलमा छौं। यो संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको कार्यान्वयनको चरणमा छौं। जनतालाई अधिकार सम्पन्न बनाउने र जनताका अधिकारलाई डेलिभर गर्ने र संविधानले व्यवस्था गरेका सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा यो अगाडि बढिरहेको छ सरकार र जनताको अभिमतमबाट गठित प्रदेश सरकारले यस समावेशी, सन्तुलित तथा सामाजिक न्याय सहितको दिगो सामाजिक, आर्थिक र भौतिक विकासको गतिलाई तिब्रता दिँदै यथार्थमा प्रदेश सरकारले संघीयताको अनुभूति गराइराखेको छ। संघीयता कार्यान्वयनमा माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङको यो मुख्यमन्त्रीहरुको मन्त्रीहरु मध्ये पनि अब्बल मानिनुहुन्छ उहाँले गरेको प्रयास सर्वप्रथम मुख्यमन्त्रीहरुको यो पोखरामा प्रदेशहरुलाई अब्बल, सक्षम र प्रभावकारी बनाउनका लागि पोखरामा मुख्यमन्त्रीहरुको भेलाले पनि प्रमाणित गर्दछ। उहाँले आफ्नै पार्टीभित्र गरेको संघर्षले संघीयतालाई बलियो बनाउन प्रदेशलाई अधिकार सम्पन्न बनाउनको लागि गरेको पहल महत्त्वपूर्ण रहेको छ। संघीय संसद प्रतिनिधि सभा विघटन त्यतिबेला समय परिस्थिति अनुसार आवश्यकता थियो। विघटन भयो र त्यसलाई सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटन गर्न सरकारको निर्णय बदर गरिदियो र प्रतिनिधि सभा पुर्नस्थापना भएको छ । यी सबै कुराहरु अवलम्बन गरी अगाडि बढिरहेको अवस्था छ र गण्डकी प्रदेश सरकारले तीन वर्ष पार गरेको छ। तीन वटा पूर्ण बजेट,  नीति तथा कार्यक्रम, सहमति, सहकारिता र समन्वयमा सबै पार्टीसँग राय सुझाव लिई ल्याएको छ र निर्वाचन क्षेत्रभित्रका योजनाहरुमा माननीयहरुको सल्लाह, सुझाव, सहमतिमा सिफारिसमा विकास निर्माणका योजना आयोजनाहरु अगाडि बढिरहेका छन्। यसरी यो वार्ड हुँदै टोल  टोलमा विकासको अनुभूति हुने गरी कहिले बजेट गएको थियो ? प्रदेश सरकारले के गरेन ? म भन्छु र न्यून बजेट खर्च भयो भन्नु र तत्कालीन माओवादीका मन्त्रीहरुले अधिकार  हामीले पाइएन भन्नु जस्ता कुराहरु यी कुराहरु झुट कुराहरु हुन् म भन्छु। संघीय शासन प्रणालीको सफलताको लागि प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहेको छ। म भन्छु प्रदेश सरकारले गरेन के

सत्य कुरा हामी सबै बोल्न सक्नुपर्छ। संमृद्ध प्रदेश सुखी नागरिक निर्माण गर्न प्रथम पञ्चवर्षीय योजनका साथ एक निर्वाचन क्षेत्र एक सडक, प्रदेश भित्रका सबै स्थानीय केन्द्रका प्रशासकीय भवन जोड्ने सडक, पालिका हुँदै वार्ड सम्म सडक सञ्जालदेखि लिएर गण्डकी प्रदेशमा सरकारले महत्त्वपूर्ण कामहरु गरिरहेको छ। कोभिड -१९ विरुद्धको महाव्याधिसँग लड्न, कोरोनाको दुष्प्रभावबाट नागरिकहरुलाई सुरक्षित राख्न, स्वास्थ्य सम्बन्धी मौलिक हकहरुको कार्यान्वयन र स्वास्थ्य पूर्वाधार जनशक्ति र खोप सम्बन्धी व्यवथापनका कार्यहरु अगाडि बढाइरहेकै छ। अचानक अकल्पनीय विश्व महामारी कोरोना महामारीको संकटपूर्ण अवस्थामा यो महामारीलाई रोकथाम नियन्त्रण र संक्रमितहरुको उपचारको प्रभावकारी व्यवस्थापन, गरिव तथा विपन्न नागरिकहरुलाई राहात वितरण जस्ता समुदायमा कोभिड सम्बन्धी जनचेतना यी महत्त्वपूर्ण कार्यक्रमहरु प्रदेश सरकारले नागरिकको विकासको चाहना पूरा गर्न उपलब्ध श्रोत साधनहरुको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै गण्डकी प्रदेशलाई सर्वश्रेष्ठ प्रदेश  बनाउन महत्त्वपूर्ण कार्यहरु गरिरहेको छ। केहीले नदेखेको मात्र हो। म भन्छु मलाई यस अविश्वासको प्रस्तावमा जनताको जीवनको रक्षा र जीवनरक्षा पहल प्रयत्न भएन भन्नु, समन्वय सहमति भएन भन्नु, घोषणापत्रमा रहेका प्रतिवद्धता भए अनुरुप कार्यान्वयन गर्न नखोज्नु, संविधान विरोधी कार्य वकालत भन्नु, कति सम्म झुट बोल्न आउँछ, बोल्न सकिन्छ होला म भन्छु जनता सचेत छन्। झुट र कुप्रचारको मूल्याङ्कन जनताले गर्न सक्छन् भोलि जनताले देखाउने छन् म विश्वास गर्दछु। यतिबेला जनतासँग सादा घोषणापत्र मार्फत् प्रतिवद्धतालाई एकातिर पन्छाएर बाम गठबन्धनलाई लत्याएर माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ्ग माथि प्रदेश सभाको विश्वास छैन भनी अविश्वासको प्रस्ताव यस सम्मानित सभामा आएको छ। यो अप्राकृतिक, अपवित्र गठबन्धन गरी आएको छ। यो बेण्डि भएको छ। जनताले विश्वास गरेर नेतालाई चुनाव जिताए, अहिले आफ्ना जनतालाई सन्तुष्ट हुने खालको काम, लोकप्रियता पाएको सरकार परिवर्तन गर्ने कुरा मन पराएका छैनन्। जनताको पहुँच बढ्दै गइरहेको, आर्थिक विकास  र संमृद्धितर्फ  प्रदेश अगाडि बढिरहेको देख्न नसक्नेहरुको मानसिकता बढ्दै गइरहेको मैले

अनुभव गरेको छु। एउटा कुराको हामी सम्पूर्णमा हेक्का हुनुपर्दछ। यो संसारमा कैयौं शक्तिहरु पतन भएका छन् थुप्रै उदाहरणहरु छन्। कारण के हो नेतृत्वको अनुशासन ,इमान्दारिता र सुशासन आवश्यक देखिन्छ। वर्तमान अवस्थामा केहीको नैतिक र इमान अभाव हुँदै गइरहेको छ। कम्युनिष्ट भनेको सर्वहारा जनताको सेवा गर्ने पार्टीको व्यवहार पनि त्यही देखाउनुपर्छ। चुनाव लड्दा एकातिर साझा घोषणापत्रका साथ बाम गठबन्धन गरी दुई तिहाइको स्थायी सरकार बनाउने भनी जनतालाई आश्वासन दिई जनताको मत लिने जितेर आउने र आएपछि एउटा नेपाली उखानको मलाई याद आयो खोलो तऱ्यो लौरो बिर्सियो अझै यो भनिन्छ नेपाली उखान औंलो दिंदा डुढेल्नो निल्न खोज्ने यही हो इमान्दारिता ? अनुशासन ? अपवित्र, अप्राकृतिक गठबन्धनलाई सफल हुने अधिकार छैन हुनु हुँदैन पनि। अझै पनि नैतिकता र इमान देखाउने कि नदेखाउने आफूमा म म गर्न आवश्यक छ म भन्छु। बर्तमान सरकार नै निरन्तरता नै वर्तमान आवश्यकता देखिन्छ। गण्डकी प्रदेशका जनताको भविष्य निर्माणका लागि गम्भीर बन्न जरुरी छ। सरकार गठनका यी ३ वर्षका प्राप्त उपलब्धिहरुलाई रक्षा र संरक्षण गर्न सबै लोकतन्त्रबादीहरुको दायित्व र कर्तव्य हो। यसैमा सबैको भलाइ छ। त्यसैले म र मेरो दलको तर्फबाट यो प्रस्ताव समर्थन नरहेको कुरा जानकारी गराउन चाहन्छु धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य श्री ओमकला गौतम।

## माननीय लक्ष्मी सुनार

माननीय सभामुखज्यू, माननीय सभामुखज्यू आज हामी विशेष अधिवेशनको तेश्रो दिनको छलफलमा सहभागी भएका छौं। यसमा आफ्नो भनाइ राख्न समय उपलब्ध गराउनुभएकोमा सभामुख मार्फत् सम्पूर्णलाई धन्यबाद दिन चाहन्छु। माननीय सभामुखज्यू, यस्तो विश्वव्यापी

महामारी कोरोना भाइरस फैलिएको समयमा जिल्ला प्रशासन कार्यालयले बन्दको निषेधाज्ञा तोकेको समयमा पनि हामी सभा बस्न उचित देखिएको छैन। प्रदेश सभा पनि यस अवधि भित्र भरि बन्द गर्नुपर्ने आवश्यक छ। माननीय सभामुखज्यू, नेपालमा जनताको भूतपूर्व संलग्नता खुन/ पसिना बगाएर राजतन्त्र पञ्चायत काल फाल्यौं र संघीय लोकतन्त्र गणतन्त्र शासन प्रणालीमा प्रवेश गर्‍यौं। अनि देशलाई तीन तहमा विभाजन गर्‍यौं। संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र गण्डकी प्रदेश एक हो। गण्डकी प्रदेशमा सबैका सहमति, इच्छा, चाहनाबाट मुख्यमन्त्री माननीय पृथ्वीसुव्वा गुरुङज्यूलाई बनायौं। ३ वर्ष सम्म यस्तो महामारीको समयमा पनि सबै जिल्लामा जनताको लागि विकासका कामहरु धेरै भएको छ। जनताको मन छुने र खुसी तुल्याउने कामहरु गरी जस्तै कृषि तथा पशुपन्छी विकास, मुख्यमन्त्री जलवायुमैत्री कृषि नमूना गाउँ, सहकारी विकास, भूमि व्यवस्था, सडक, यातायात, सिचाई तथा नदी नियन्त्रण शिक्षा, स्वास्थ्य तथा श्रम तथा रोजगार आदि धेरै कामहरु भै विकासमा परिवर्तन भएको छ। अहिलेको सरकारबाट कति काम भएको छ भनी सोच्नुपर्छ। माननीय सभामुखज्यू, चुनावमा जाँदा एउटै घोषणापत्रको आधारमा हामी चुनाव चुनाव जितेर गएपछि त्यही अनुसार जनताको माझमा जानुपर्छ र काम गर्नुपर्छ र अहिले आएर सरकारलाई विभिन्न आरोप र आलोचना लगाएर मुख्यमन्त्रीमाथि अविश्वासको प्रस्ताव पेश गरी सरकार भङ्ग गर्न कसरी प्रयत्न गर्नुभयो? आफ्नो घरपरिवारमा बिगार्न अर्काले कोशिस गरे भन्दैमा अर्काको कुरा सुन्ने हो कि एकै ठाउँमा परिवारबाट बसेर सल्लाह गर्ने हो। कागले कान लग्यो भन्दैमा कागको पछि दौडने हो कि कान छाम्ने। त्यसैले अब लगभग डेढ वर्ष छ मिलेर काम गरौं र गण्डकी प्रदेशलाई नमूना प्रदेश बनाई विकासका कामहरु अगाडि लगी जनतालाई विश्ववास दिलाई काम गर्न सके त्यही हाम्रो कर्तव्य हो। अन्तमा माननीय सभामुखज्यू, हामीले जनताको विकासको कामप्रति आश्था राख्दै म र मेरो दल अविश्वासको प्रस्तावप्रति  सहमत छैनौं भन्दै आफ्नो भनाइ अन्त्य गर्दछु हस्त धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य आशा कोइराला।

## माननीय ओमकला गौतम

माननीय सभामुख महोदय, यो गरिमामय सभामा महत्त्वपूर्ण विषयमा छलफल गर्ने अवसर प्रदान गरेकोमा आभार प्रकट गर्न चाहन्छु। माननीय सभामुख महोदय, संविधानले दिएको व्यवस्था अन्तर्गत यो लोकतन्त्रको सुन्दर पक्ष भनेकै बहुमतले सत्ता चलाउने र अल्पमतमा परिसकेपछि सत्ता स्वतः छोडेर निकास दिने हो त्यसकारण लोकतन्त्रको सुन्दर अभ्यास गर्दा कताबाट खोलो तरेर लठ्ठी बिर्सेका कुरा, कताबाट अलोकतान्त्रिक कुरा, कताबाट विविध कुराका उखान टुक्काहरु आउँछन् यहाँ। यो सुन्दर पक्ष हो। हिजोको परिस्थितिमा जनताको माझमा जे मत माग्नको लागि जे प्रतिवद्धता गरेर जनताले मत दिनुभएको थियो, जनताले सम्मान दिनुभएको थियो आज के यो केन्द्रदेखि प्रदेश सम्म सरकारले त्यो काम गर्न सक्यो त ? आज केन्द्रिय सरकारकै कुरा गरौं। केन्द्रिय सरकारकै कुरा गर्दा २०७७ साल पुस ५ गतेलाई हामीले कालो दिनको रुपमा लिन सकिन्छ। जुन संविधानले दिएको छैन जुन जनताले आज एक मानाको सरकार बनाउने भनेर जुन घोषणापत्र अनुसार काम गर्ला भनेर आशा भरोसा र विश्वासका साथ जनताले मत दिए झन्डै दुई तिहाइको सरकार हुँदा जनताका काम गर्न नसकेर सत्ता लिप्सताका आधारमा सत्ताको मोह कसलाई छ यहाँ प्रष्ट छ म यहाँ यो आरोप लगाउन चाहन्नँ सभामुख महोदय। छर्लङ्गै छ सत्ता मोहका लागि हो । सत्ता मोह नभएको भए गठबन्धन गरेर, आफ्नै पार्टीका साथीलाई मिलाउन नसकेर, आफ्नै पार्टीका साथीलाई अपमान गरेर, घोक्रयाउने काम कहाँबाट भयो? आफ्नो पार्टी मिलाउन नसक्नेले जनतालाई काम गर्छु भनेर हामी विश्वास गर्न सक्छौं सभामुख महोदय प्रश्नवाचक चिन्ह यहाँनेर छ। हिजो एउटै घोषणापत्रबाट चुनाव लडेको

भनेर यहाँ धेरै कुरा आए। मैले वास्तवमा यो उठेर नबोलम कि भन्ने लागेको थियो। घोषणापत्र अनुरुप काम भयो कि भएन सहमति अनुसार आफ्नै दलभित्र कुरा गरियो कि गरिएन? आज हिजो गठबन्धन भएको दलको त परै जाओस् आफ्नै पार्टीभित्र सङ्घर्ष गरेका लोकतन्त्र प्राप्तिको निम्ति लडेका सहयोद्धाको आज के छ हालत ? घोक्रयाउने काम भयो कि भएन त्यहाँ ? त्यसकारणले असंवैधानिक, अलोकतान्त्रिक कदम पौष ५ गतेको कदम जुन थियो त्यो असंवैधानिक भनेर सम्माननीय सर्वोच्च अदालतले समेत नेपाली जनतालाई न्याय दिएको अवस्था छ। त्यस पश्चात वास्तवमा भन्दा हो के भन्छ दिल्लीमा पानी परेर यहाँ छाता किन ओड्ने भन्ने पनि यहाँ यो गरिमामय सभामा आयो। दिल्लीमा जब बादल उठेर पानी पऱ्यो भने त्यो नेपालमा आउँदैन? चीनको यूयानको कोरोनाले आज के नेपालमा छोएन ? हामी सजग हुनुपर्ने कि नपर्ने ? आज त्यसैको मतियारा बनेर आज यो गण्डकी प्रदेश सरकारले त्यही अलोकतान्त्रिक, असंवैधानिक कदमको मतियाराको रुपमा यहाँ हामी बहश नचलाएका होइनौ। यहाँ सत्ता पक्ष र प्रतिपक्ष बिचमा बहस नचलेको होइन सभामुख महोदय। यी विविध कुराहरु छन्। यहाँ भ्रष्टाचारका कुराहरु धेरै आए। पृथ्वीसुब्बा गुरुङ सरकारले माननीय मुख्यमन्त्री सरकारले के गरेन भन्ने कुरो पनि आयो तर गरेका कुराहरु पनि जनताका माझमा छन् नगरेका कुरा पनि जनताका माझमा छन्। त्यता भने पनि मेरो समय १० मिनेट त्यो लामो छ । आज छर्लङ्गै देखिएको छ के गरे गरेनन् भन्ने कुराहरु। आज जनतालाई कोरोनाको महामारीमा भन्ने कुरा आयो। के कोरोना चैत गत चैत ११ गतदेखि यो मुलुकमा लकडाउन भएको होइन ०७७ चैत्र ११ गतेदेखि। त्यो विचमा सरकार कति गम्भीर बन्यो। जनताको स्वास्थ्य सम्बन्धी कति गम्भीर बन्यो। बन्यो कि बनेन ? यहाँ प्रश्न छ। कति गम्भीर बन्यो कति बनेन त्यो हामीले भन्नुपर्ने कुरा हो। यहाँ छर्लङ्ग देखिएको छैन। प्रतिपक्षले जनताको जीवन रक्षाको लागि के सदन अवरुद्ध गरेको होइन ? निशुल्क पिसिआर टेष्ट गर, एक घर एक पिसिआर टेष्ट गर, त्यसपछि गएर आइसुलेसन, भेन्टिलेटर, स्वास्थ्य उपकरण र जनशक्तिहरुलाई समयमा परिचालन गर भनेर के प्रतिपक्षले सदन अवरुद्ध गरेको होइन ? के आज

प्रतिपक्षले गरेको थिएन । आज यो सरकार चलिरहँदा लोकतन्त्र हुने र यो सरकारलाई अविश्वासको मत अविश्वासको प्रस्ताव राख्दा र अविश्वासको प्रस्तावमा मत दिन अन्य दल हुँदा त्यो अलोकतान्त्रिक हुने ? असंवैधानिक हुने ? के परतन्त्र र लोकतन्त्रको सुन्दर पक्ष भनेको यही हो। लोकतन्त्रको सुन्दर पक्ष यही हो। हामीले यसैको लागि लडेको हो । यसैको लागि सहिदहरुले ज्यान दिएको हो ? सत्ता प्राप्तिको मोहले होइन। अधिकारको लागि हो यो। सत्ताको प्राप्ति एको छैन। सत्ता यदि प्रतिपक्षमा रहेकोले सत्ता खोज्थ्यो भने पहिले पनि अविश्वासको प्रस्ताव आउँथ्यो होला। मैले सम्पूर्ण माननीयज्यूहरुलाई हार्दिक अपिल गर्न चाहन्छु जुन माननीय कृष्णचन्द्र नेपालीज्यूले अविश्वासको प्रस्ताव दर्ता गर्नुभएको छ। अविश्वासको पक्षमा मतदान गर्न म सत्तापक्षलाई पनि अनुरोध गर्न चाहन्छु। सत्ता पक्षलाई म निवेदन गर्न चाहन्छु, सत्ता पक्षलाई पनि मेरो अपिल के छ भने के कृष्णचन्द्र नेपाली नेतृत्वको सरकारले सत्ता चलाउन सक्दैन ? जनताप्रति उत्तरदायी छैन ? किन आज के अर्को दलले सत्ता प्राप्त गर्नै नहुने हो ? यो कुरा गरिमामय सम्पूर्णलाई मैले अपिल गर्न चाहन्छु। जनताको आज धरहराको टुप्पो उठेको छ। म मान्छु। स्वागतयोग्य छ तर जनताको शिर निउरिएको छ यहाँ, जनताको शिर निउरिएको छ आज एउटा पिताले एउटा बालबालिकालाई भरपेट खुवाउन सकेको छैन। आज एउटा अभिभावकले साहुको ऋण तिर्न नसकेर आज शिर झुकेको छ। एउटा बालबालिकाको छोराछोरीको पेट भर्न नसकेर आज शिर झुकेको छ। धरहराको टुप्पो माथि ठाडो भएर मात्रै हुँदैन सभामुख महोदय। यहाँ जनताको शिर ठाडो बनाउनुपर्छ। यहाँ जनताको मनोबल उच्च बनाउनुपर्छ। जनताप्रति उत्तरदायी हुनुपर्छ। जनताप्रति जिम्मेवार हुनुपर्छ। यो भएको छ ? भ्रष्टाचारको कुरा गर्दै गर्ने हो भने यो सरकारले के दुधले धोएको हो ? उखान टुक्का यहाँ आए। सम्माननीय यो गरिमामय सभामा म भन्न चाहन्छु मैले कता कता विद्धान माननीयज्यूबाट म त्यस्तो तर्क पनि गर्न सक्दिनँ। आज विद्धान माननीयज्यूबाट यो गरिमामय सदनमा के आयो भने दाइँ हाल्ने कुरो आए। के अर्काले दाइँ हाल्दा बोका हुनी आफैले दाइँ हाल्दा गोरु हुने ? यो गरिमामय सभामा यो शब्द चयन गर्न मिल्छ कि

मिल्दैन? यस्तो सभामा यो बोल्न अभिव्यक्ति ठीक हो कि होइन ? के आज हामी सांसदको हैसियतले यहाँ आएको हो। आज गोरु र बोका बन्न आएको होइन यहाँ सभामुख महोदय। मलाई यो शब्द प्रति आपत्ति छ। शब्द चयन गर्नुहोस् / उखान दिनुहोस् तर मर्यादित गर्नोस्। आज जुन सन्दर्भ उठेको छ त्यो सन्दर्भमा हामीले मर्यादित शब्दहरु पनि प्रयोग गर्न सकिन्छ सभामुख महोदय त्यसैले लामो नबोलिकन मैले के निवेदन गर्न चाहन्छु भने मेरो निवेदन के छ भने अब यसलाई एकदमै सहज तरिकाबाट निकास दिनुपर्छ। मलाई लाग्थ्यो सम्माननीय प्रधानमन्त्रीज्यूले नि जुन सर्वोच्च अदालतद्वारा सदन पुनर्स्थापना भइसकेपछि उहाँले मृत गराएको उहाँले मारेको चिज जीवित भैसकेपछि मुलुकको निकासको निम्ति राजिनामा दिनुहुन्छ भन्ने हामीलाई विश्वास थियो। त्यो भएन तर अहिले सम्म विश्वासको मत पनि लिनुभएको छैन जहाँ कि उहाँलाई समर्थन गर्ने दलहरुले विश्वास छैन भनेर आफ्नो विश्वासको दिएको मत फिर्ता लिइसकेको छ सभामुख महोदय र यहाँ पनि माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यूले आफूलाई जब अविश्वासको मत परिसकेपछि जब आफू एकै भएर बसेको पार्टीहरु अलग भइसकेपछि र पार्टी नै सर्वोच्च अदालतले नै पार्टी नै तिमीहरु दुईटा पार्टी हो यो एउटा पार्टी होइन भनेर भनिसकेपछि विश्वासको मत लिन पर्छ कि पर्दैन त्यो संविधानले व्यवस्था गरेको कुरो हो कि होइन ? सभामुख महोदय, म यो प्रश्न गर्न चाहन्छु। कि छैन संविधानमा आज तपाईहरु नै हुनुहुन्छ संविधान लेख्ने संविधानमा हस्ताक्षर गर्ने माननीयज्यूहरु यहाँ केही माननीयज्यूहरु हुनुहुन्छ। तपाईहरुले आज मलाई लाग्छ मुख्यमन्त्रीज्यू आफै स्वयम् संविधान सभामा संविधान सभा सदस्यका हैसियतले संविधानका हरेक दस्तावेजमा सिग्नेचर गर्ने माननीय मुख्यमन्त्रीज्यू यही हुनुहुन्छ। के त्यो संविधानलाई मान्न पर्ने कि नपर्ने ? सभामुख महोदय, मेरो प्रश्न त्यहाँनेर छ त्यसैले अब मैले चाहिँ सम्पूर्ण यो सरकार पक्षका माननीयज्यूहरुलाई पनि मेरो अपिल के छ यसलाई हामीले इजिली लिनुपर्छ। त्यही हो लोकतन्त्रको सुन्दर पक्ष । यही हो गणतन्त्रको सुन्दर पक्ष। हामीले यसलाई इजिली लिनुपर्छ। यसलाई इजिली लिनुपर्छ र अन्य कुराहरु त आफू सत्ता साझेदारीमा बस्दाखेरि भएका कुरा खोलो

तऱ्यो लठ्ठी बिर्सियो। लठ्ठी पनि बेतको लठ्ठी आफैहरुले नै नदिने अनि एकचोटि म्याको डाठ्लो दिएपछि त त्यो लठ्ठीलाई फाल्नै पऱ्यो नि । बेतको लठ्ठी दिनपर्थ्यो होला सत्ता साझेदारी । बेतको लठ्ठीलाई निरन्तर टेक्न सक्थ्यो होला। अब यसको जवाफ त मैले त्यति दिइराख्न पर्दैन त्यसैले हामीले म म गर्न जरुरी गर्न जरुरी छ। हामी आफैले म म गर्न जरुरी छ। यिनै कुराहरु राख्दै अब मेरा आफ्नो भनाइ राख्ने अवसर प्रदान गर्नुभएकोमा माननीय सभामुख महोदयलाई हार्दिक धन्यबाद र कृतज्ञता ब्यक्त गर्दै मेरो भनाइहरु अन्त्य गर्नुभन्दा अगाडि सम्पूर्णलाई कृष्णचन्द्र नेपालीज्यूले प्रस्तुत गर्नुभएको पेश गर्नुभएको अविश्वासको पक्षमा मतदान गरिदिनुहुन हार्दिक अपिल समेत गर्दै मेरो भनाइ अन्त्य गर्ने अनुमति चाहन्छु धन्यबाद जयनेपाल।

## माननीय सभामुख

माननीय श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य श्री पियारी थापा।

## माननीय आशा कोइराला

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यो विशेष अधिवेशनमा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ बिरुद्धको अविश्वासको प्रस्तावमा छलफल गर्न हामी उपस्थित भइरहेका छौं। यहाँ उपस्थित भइरहँदा सर्वप्रथमतः केही गण्डकी प्रदेश सभाका सदस्यहरु कोरोनाबाट प्रभावित हुनुभएको छ। उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। त्यस्तै यो प्रदेश सभाको सहज प्रकृयाबाट विशेष अधिवेशन सम्पन्न होस् त्यस्को लागि शुभकामना व्यक्त गर्दै यो विशेष अधिवेशनमा माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यूको विरुद्धमा माननीय कृष्णचन्द्र नेपालीले प्रस्तुत गर्नुभएको अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्नको लागि सबै माननीयज्यूहरुलाई हार्दिक आग्रह पनि गर्न चाहन्छु। माननीयज्यूहरु, हामी संसदीय व्यवस्थामा छौं। यही व्यवस्था स्थापना गर्नको

लागि हामीले धेरै नै मूल्य चुकायौं। तपाई हामी सबै जना संङ्घर्षको मैदानमा आवद्ध भएर हामीले व्यवस्था स्थापना गऱ्यौं। संघीय लोकतान्त्रिक गणतन्त्रको पृष्ठभूमि हामी सबै जनाले बोध गरेकै छौं। यो धेरै पटक हामीले व्यक्त गरिसकेका छौं त्यसकारण बोध भइरहेका कुराहरुलाई हामीले दोहोऱ्याउन आवश्यक पर्दैन। यहाँ धेरै माननीयज्यूहरुले आफ्नो सुन्दर शब्दहरु प्रयोग गरेर धेरै उखान धेरै  उद्धरणहरु प्रस्तुत गरेर आफ्ना कुराहरु सुन्दर भाषामा प्रस्तुत गरेर जानुभएको छ। म त्यति सुन्दर भाषामा प्रस्तुत गर्न त सक्दिनँ तर वास्तवमा यथार्थ कुरा के हो त भन्दाखेरि प्रतिनिधि सभा बिघटन लगायत केन्द्रिय सरकारले गरेका असंवैधानिक र अलोकतान्त्रिक कदमहरुको हाम्रो गण्डकी प्रदेश सरकारले खुलेर समर्थन गऱ्यो। कमसेकम यो कदमप्रति प्रतिगामी कदम हो भनेर हामीले निरन्तर प्रयत्न गऱ्यौं। यो प्रतिगामी कदम सच्चियो भने न त नेपाल कम्युनिष्ट पार्टी नेकपाको अहिले झन्डै दुई तिहाइ बहुमत केन्द्रको र हरेक प्रदेशका ती बहुमतहरु ती यथावत् रहन्छन् र पार्टी एक ढिक्का भएर एउटा कम्युनिष्टहरुको एउटै केन्द्र बनाउन सकिन्छ हामी मिले। यो राष्ट्रमा हामीले कम्युनिष्टहरुको शासन स्थापित गर्न सकिन्छ र जनतालाई नयाँ अनुभूति दिन सक्छौं जनतालाई साँच्चै हामीले सङ्घर्षको बेला गरेका बाचाहरु, हामीले राखेका लक्ष्यहरु, जनतालाई बाँडेका सपनाहरु हामीले पूरा गर्न सक्छौं भन्ने आकांक्षा हामीले साँचेकै थियौं तर त्यो प्रतिगामी कदम पटक पटक तत्कालीन अवस्थामा हाम्रै पार्टीका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीको हामीले खुलेर आलोचना गऱ्यौं। सबै जनालाई यो कदम सच्याएर आउनको लागि आग्रह गऱ्यौं तर न केन्द्रले त्यो कदम सच्यायो न त अहिले हाम्रो प्रदेश सरकारले सच्याउन त सक्थेन नै त्यो यथार्थ हो तर त्यो सच्चिनुपर्छ भनेर त्यसको विरोध सम्म गर्न सम्म सकेन र त्यसकारण यो प्रतिगामी, असंवैधानिक, अलोकतान्त्रिक कदमको खुलेर समर्थन गरेको कारणले हामीले सरकार विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन बाध्य भयौं र फेरि हामीले अपवित्र गठबन्धन भनिरहेका छौं हुनसक्छ। फरक पार्टी नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र, राष्ट्रिय जनता पार्टी लगायत राष्ट्रिय जनमोर्चाको समेत समर्थनमा यो जुन प्रस्ताव पेश भएको छ यो प्रस्ताव

अपवित्र गठबन्धन होइन। राज्यलाई प्रतिगमनबाट जोगाउनको लदागि अथवा राज्यको हामीले स्थापित गरेको लोकतान्त्रिक गठबन्धनलाई व्यवस्थित गर्नको लागि निर्माण गरिएको संविधान सभाद्वारा निर्माण गरिएको संविधान कुल्चिरहेको बेलामा त्यो संविधानको रक्षा गर्नु हाम्रो दायित्व हो। आम जनताको आशा अपेक्षा बिपरीत राज्य उल्टो दिशा हिँड्दै गर्दा त्यसलाई सुल्टो दिशा हिंडाउन पर्ने कर्तव्य हाम्रो हुन्थ्यो त्यसकारण हामी यो अविश्वासको प्रस्ताव ल्याउनको लागि बाध्य भयौं र म यतिबेला अघि नै मैले भनेको थिएँ संसदीय व्यवस्थामा यो भइरहन्छ जसको पक्षमा बहुमत जुट्छ उसले सत्ताको नेतृत्व गर्ने कुरा स्वभाविक हो त्यसकारण यो स्वभाविक प्रकृयाबाट हामी हतोत्साहित हुनपर्ने मैले देख्दिनँ । भोलि फेरि पनि निर्वाचनबाट हामीलाई धेरै जनताले अभिमत दिन्छन् भनेर केन्द्रमा नै हाम्रो प्रधानमन्त्रीले खुलेर भनिरहनुभएको बेला भोलि त दुई तिहाइ बहुमतै ल्याएर फेरि राज्यको नेतृत्व गर्न पनि सकिन्छ त्यसकारण यो विषयमा हामी कोहि पनि हतोत्साहित हुनुपर्ने आत्तिनुपर्ने यहाँबाट विभिन्न कारण देखाएर भाग्नुपर्ने अवस्था म देख्दिनँ त्यसकारण यसलाई स्वभाविक प्रकृया ठान्नको लागि पनि म हाम्रो मुख्यमन्त्रीज्यू लगायत सबैलाई माननीयज्यूहरुलाई सभामुख मार्फत हार्दिक अपिल गर्न चाहन्छु। अलिकति मलाई के लाग्यो भने संसदमा नयाँ प्राक्टिस पनि देखियो । मैले त्यति धेरै यो अभ्यास देखेको थिइनँ। हाम्रो यो गण्डकी प्रदेश सभामा सरकारका मुख्यमन्त्री बाहेक सम्पूर्ण मन्त्रीज्यूहरुले उठेर संसदसँग एउटा संसदमा विरोध पनि गर्नुभयो अवरुद्ध गर्नुभयो। शायद यो संसारकै नयाँ प्राक्टिस होला र कोभिड नाइन्टिनलाई परीक्षण गर्नको लागि अनि यहाँको अनेक व्यवस्थापन गर्नको लागि वास्तवमा त्यो दायित्व त सरकारकै हो। पटक पटक सरकारले त्यो कुराहरुको व्यवस्थापन गरेकै थियो र संसद सचिवालयसँग सरकारले माग गर्नपर्ने त्यस्तो परिस्थिति किन श्रृजना भयो किनभने हामीलाई ६ गते नै संसदको आह्वान गरिएको थियो। संसदको बैठक १३ गते थियो। यो बिचमा हामीले कोभिड नाइन्टिनको परीक्षण, पिसिआर परीक्षण लगायतका सबै तयारीहरु पूरा गर्न सक्ने थियौं त्यसकारण यस्तो खालको गतिविधिहरु नगरेको भए राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ किनभने कतिपय विरासतहरु

हाम्रो राजनैतिक इतिहासमा नजिर बनेर बसेका छन्। त्यस्तो नजिरहरु स्थापित गरेर भोलिको दिनमा हामीलाई एउटा फेरि पनि अर्को गलत दिशातिर निर्देशित गर्न हुँदैन्थ्यो भन्ने मलाई अनुभूति भइरहेको छ त्यसकारण माननीय सभामुखज्यू यो सदनमा उभिएर बोलिरहँदा जति पनि कुराहरु यहाँ अभिव्यक्त भएका छन् सबैभन्दा धेरै मलाई स्ट्रेस गरेको कुरा के लाग्छ भने यो आफ्नै पार्टी फुटाएर अर्को पार्टीसँग गठबन्धन गर्ने कुरालाई म थोरै मात्रै जोड्न चाहन्छु। हामीले एकताको जुन मर्म र भावनालाई अंगीकार गरेर एकताको जुन लक्ष्य राखेर हामीले पार्टी एकता गरेका थियौं। पार्टीकै कुरा यहाँ पटक पटक प्रस्तुत भएको हुनाले मैले  हाम्रो पार्टीलाई एकतावद्ध हुन नदिनको लागि नदिने हाम्रो पार्टी एकीकृत रहिरहने नसक्नको कारण मैले अघि बताइसकें। सम्माननीय प्रधानमन्त्री जो हाम्रो तत्कालीन एकीकृत पार्टीको अध्यक्ष हुनुहन्थ्यो कारण उहाँ नै हो त्यसकारण यो कुरा राम्रोसँग बोध गरेर सबै माननीयज्यूहरुले आगामी दिनमा त्यो कुरालाई हृदयांगम गर्नको लागि म हार्दिक अनुरोध पनि गर्न चाहन्छु। हामी राज्यको मूल लक्ष्य सर्वाङ्गीण विकास हो। अहिले हामीले अहिलेको वर्तमान सरकारको विरुद्ध त अविश्वासको प्रस्ताव राखेका छौं। सरकारले गर्न नसकेका कामहरुको बारेमा यहाँ फेरि स्पस्टताका साथ सुनाएका छौं। अब बन्ने नयाँ सरकारलाई अब अविश्वासको प्रस्ताव पास भएपछि बन्ने नयाँ सरकारले यी सबै कुराहरुको सामना गर्नुपर्ने हुन्छ त्यसकारण आफ्नो स्पष्ट मार्गचित्रका साथ अबका प्रस्तावित मुख्यमन्त्री अगाडि आउनुहोस् उहाँलाई सफलताको शुभकामना दिँदै म के स्मरण गराउन चाहन्छु भने हाम्रो गण्डकी प्रदेश सरकारले धेरै कामहरुमा हामीले प्रशंसा गरेकै छौं। विकास निर्माणका काममा, सरकारका नियमित गतिविधिमा केही कमी कमजोरीका बावजुत यसले परिणाम देखाएको छ तर राज्यको मूल कार्यदिशा हामीले प्राप्त गरेका उपलब्धिहरु नै गुम्ने खतरा भएको कारणले ती आफ्ना नियमित गतिविधिहरु सन्तोषजनक रहँदारहँदै पनि राजनीतिक रुपमा गलत दिशातिर प्रेरित भएको हुनाले नै हामी यो ठाउँमा आइपुगेको कुरा स्पष्ट पार्दै ( माननीय सभामुखः माननीय सदस्य समय सकियो) अविश्वासको

प्रस्तावको पक्षमा रहेको कुरा जाहेर गर्दै सबै माननीयज्यूहरुलाई अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्न आह्वनका साथ बिदा हुन्छु धन्यबाद।

## माननीय सभामुख

माननीय श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य इन्द्रधारा डादु विष्ट।

## माननीय पियारी थापा

माननीय सभामुख महोदय, यतिखेर सदनमा प्रस्तुत भएको  यो अविश्वासको प्रस्ताव उपर हामी छलफलको क्रममा छौं। मलाई के लाग्छ भने आफ्नो बनिबनाउ घरमा आफूले दुःख गरेर बनाएको घरमा आगो लगाएर छिमेकीसँग रोदन गरिरहेको यो परिस्थितिलाई मैले केसँग तुलना गरेको छु भने यो परिस्थिति कसरी निर्माण भयो ? यो परिस्थिति निर्माण हुनका लागि को को कति जिम्मेवार भए त्यसले जिम्मेवारी लिने कि नलिने ? अहिले यहाँ रोदन गरेर त्यसको उपाय निस्कन्छ होला त त्यसकारणले गर्दाखेरि हाम्रो जोड के मानेमा थियो भने सकभर बामपन्थीको सरकार बने हुन्थ्यो किनभने जनताले बामपन्थीको सरकारलाई बाम गठबन्धनलाई अत्याधिक बहुमत दिएर आफ्नो भविष्य खोजेको त्यो यथार्थ हामीले बिर्सनुहुँदैन। बामपन्थीको सरकार माथि आफ्नो भविष्य नेपाली जनताले खोजेको सत्य हो तर त्यो अभिमतलाई लत्याएर जुन प्रकारको गतिविधि अगाडि बढ्यो जुन प्रकारको कार्यशैली अगाडि बढ्यो के त्यो सही थियो ? त्यसको हामीले एकपटक हाम्रो छातीमा हात राखेर मनन गर्ने कि नगर्ने ? त्यसकारणले गर्दाखेरि हामीले यो मानेमा  हामीले यो सरकारलाई दिएको समर्थन के थियो भने गुण र दोषका आधारमा हामीले समर्थन वा विरोध गर्ने समर्थन थियो। त्यो  मानेमा हामीले आफ्नो त्यो खालको भूमिका निर्वाह गर्‍यौं। पटक पटक सच्चिनका निम्ति हामीले आग्रह गर्‍यौं। पटक पटक त्यसलाई सच्याएर जानोस् यसमा जनताले दिएको अभिमतलाई सही कदर गर्नोस्। जनताको अभिमतलाई सही

कदर गरेर अगाडि बढनोस् भनेर हामीले बारम्बार भन्यौं तर पनि त्यो अवस्था श्रृजना भएन र त्यो खालको परिस्थिति फेरि यहाँ पनि आइलाग्यो र अन्तत्वोगता सिंहदरबारमा सल्काइएको आगो भुसको आगोको प्रभावले गण्डकी प्रदेशमा पनि परेको छ। यो बिडम्बना हो, दुखद हो हामीले मनन गर्ने कि नगर्ने ? अहिले पनि वास्तवमा भन्ने हो भने यसका दोषीहरु कुन कति थिए, यसका लागि भागिदार को को हुन् यसको समीक्षा गर्ने कि नगर्ने ? यसका लागि समीक्षा गरेर हामी त्यसलाई समाधान गर्नुतर्फ उन्मुख हुने कि नहुने ? यो पनि प्रधान पक्ष हो जस्तो मलाई लाग्छ त्यसकारणले गर्दाखेरि अहिलेको अवस्थामा जुन प्रकारको कार्यशैली प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट भयो त्यो कार्यशैलीको हामीले विरोध गऱ्यौं। त्यो कार्यशैलीलाई हामीले सच्याउनको निमित्त हामीले अनुरोध गऱ्यौं तर त्यो हुनसकेन। बिडम्बना उहाँले चालेका ती कदमहरु असंवैधानिक थिए, अलोकतान्त्रिक थिए र एउटा यो विधि प्रकृया अराजनीतिक प्रकारको थियो त्यसकारणले गर्दाखेरि हामी बाध्य भएर फेरि हामीले आफूले दिएको बामपन्थीलाई दिएको समर्थन फिर्ता लिन बाध्य पऱ्यौं त्यसकारणले गर्दाखेरि यी विषयहरु गम्भीर रुपमा आगामी दिनमा सोचनीय रहेको छ र सोच्नका लागि मैले अनुरोध गर्न चाहन्छु। पाँच वर्षलाई म्यान्डेट दिएको जनताले पाँच वर्षको म्यान्डेटलाई कसरी लत्याइयो के कारणले लत्याइयो मात्रै एउटा सत्ताको लागि एउटा पदको लागि एउटा आफ्नो एउटा व्यक्तिगत आकांक्षा परिपूर्ति गर्नका लागि यो अत्यन्तै लज्जास्पद छ त्यसकारणले गर्दा यी विषयमा अब पनि गम्भीर नभए देशले अत्यन्तै देशले दुर्घटना भोगिसकेको छ त्यसकारणले यो दुर्घटनबाट जोगाउनका निमित्त जुन अहिले जुन शक्तिहरु अगाडि आइरहनुभएको छ त्यो शक्ति अविश्वासको प्रस्ताव लिइरहनुभएको छ यस मानेमा अहिले तत्काल हामीले दिएको गण्डकी प्रदेशमा दिएको सरकारलाई दिएको समर्थन फिर्ता लिदै हामीले यो खालको अहिले जुन अविश्वास प्रस्ताव आएको छ त्यसलाई समर्थन गर्ने हाम्रो पार्टीले त्यसलाई समर्थन गरेर अगाडि जाने नीति ल्याएको छ हामी त्यही गर्छौं। करिव ६० वर्ष सम्म नेपाली जनताहरुले लडेर ल्याएको उपलब्धि लोकतन्त्र, गणतन्त्र, संविधानको धज्जी उडाएर तानाशाही, निरंकुश, सर्वसत्तावादी,

अधिनायकबादी बन्दै जाने मित्रशक्तिलाई स्यावासी दिनु कुन नैतिकताले सुहाँउछ होला तपाई हामी आफै विचार गरौं मनन गरौं । त्यो खालको हामीले चाहेको हामीले त्यो खालको क्रियाकलाप गर्ने मित्रशक्तिलाई सधैंभरि हामी काँध दिएर अगाडि बढ्न सक्छौं ? सक्दैनौं त्यसकारणले गर्दाखेरि सच्चिनका लागि बारम्बार आग्रह गर्दा पनि त्यो नभइसकेको अवस्थामा हामी सधैं काँध दिएर जाँदाखेरि हामी प्रतिगामीको मतियार बन्न सक्दैनौं त्यसकारणले गर्दाखेरि यो विषय पनि हामीले यहाँ राख्न चाहन्छौं। अब कुरा गरौं जनमोर्चाले किन आफ्नो मित्रशक्तिसँगको सङ्घर्षलाई अहिलेको परिस्थितिमा प्रधान पक्ष छान्यो त ? मित्रशक्तिसँगको सङ्घर्षलाई यसले यसले किन प्रधान पक्ष छान्यो त ? सर्वप्रथम आफंनो पार्टीभित्र परिवारभित्र आन्तरिक झगडालाई मिलाउन नसकी अर्थात् मिलाउने प्रयासै नगरी एकाएक पौष ५ गतेको दुर्घटना घटाउने प्रधानमन्त्री उद्धत हुनुभयो। जुन कदम आफैमा अलोकतान्त्रिक, असंवैधानिक र अराजनीतिक प्रकारको थियो जसलाई सर्वोच्चले असंवैधानिक सावित त गरिदियो, संसद पुर्नस्थापित त गरिदियो तर संसदको भूमिकालाई प्रधानमन्त्री स्वयैले निष्क्रिय बनाउँदै गएको संसद बैठक छलेको, सांसदहरुको प्रश्नको जवाफ नदिने र कसरी हुन्छ फेरि पनि यो पुनर्गठित अथवा पुर्नस्थापित संसदलाई बिघटन गर्नेतर्फ प्रधानमन्त्री उन्मुख हुनुभएको छ र त्यो कदमलाई यहाँका मुख्यमन्त्रीज्यूले पनि समर्थन गरिरहनुभएको छ त्यसकारणले गर्दाखेरि यस्तो अवस्थामा संघर्षको रणनीति आवश्यक छ त्यसकारणले गर्दाखेरि हामीले मित्रशक्तिसँगको संङ्घर्षलाई हामीले प्रधान पक्ष ठानेका हौं। त्यसैको पुनरावृतिको काष्टिङ गण्डकी प्रदेशमा देखा पर्‍यो। तीन दिन सम्म चलेको सातौं अधिवेशनलाई एक गते रातारात बन्द गर्ने त्यो खालको प्रवृत्ति त फेरि यो भनेको त प्रधानमन्त्री के.पी. शर्मा ओलीको पदचाप नै थियो त्यसकारणले गर्दाखेरि यो मानेमा पनि हामीले सङ्घर्षको नीति अपनाउन परेको हो। धर्म निरपेक्षता, राष्ट्रियता अनि गणतन्त्र माथिको खतरा स्वयं प्रधानमन्त्रीबाट नै भइरहेको छ। मार्क्सबादी, लेनिनबाद, द्वन्दात्मक भौतिकबादको धुरन्धर एकातिर मान्ने आफूलाई मान्ने तर अर्कोतर्फ अयोध्यामा राम अयोध्याको राम मन्दिरमा पूजा गर्ने अयोध्यामा राम मन्दिर बनाउने तर्फ उद्भुक्त

हुने  अनि पशुपतिमा आफ्नो मार्क्सबाद, द्वन्दात्मक भौतिकबादलाई  लगेर बिसर्जन गर्ने यो खालको गतिविधि प्रतिगमनको एउटा प्रतिगमनका लागि टेवा पुऱ्याउने कार्य नै हो त्यसकारणले गर्दाखेरि हामीले यो विषयमा पनि मित्रशक्तिसँगको सङ्घर्षलाई हामीले अहिलेको परिस्थितिमा हामीले मित्रशक्तिसँगको सङ्घर्षलाई प्रधान मानेका हौं। जसरी राजाहरुको कम्युनिष्ट कहलिएका थिए केशरजङ्ग रायमाझी, दोश्रो राजाको कम्युनिष्ट तत्कालीन प्रधानमन्त्री ओली बन्ने त होइन हामीलाई शङ्का लागिरहेको छ तसर्थ हामीले त्यो नहोस् भन्ने रहेका छौं। त्यो खतरा मडारिरहेको अवस्था छ। त्यो खालको परिस्थिति नहोस् भन्न हामी चाहन्छौं यसकारणले पनि हामीले मित्रशक्तिसँगको अहिलेको तत्कालीन परिस्थितिलाई संघर्ष प्रधान मान्नुपर्ने आवश्यकता छ। हामीले बामपन्थीको सरकार बन्नका लागि अझै पनि जोड दिन्छौं ।त्यसका लागि  प्रमुख बाधक प्रधानमन्त्री स्वयं हुनुहुन्छ।  किनकि यसका लागि उहाँको राजिनामा पहिलो शर्त हो तर यसका लागि प्रधानमन्त्री मान्न तयार हुनुभएको छैन र त्यो परिस्थिति पनि छैन बरु उल्टै अर्का पार्टीका कारवाही गरेका नेता, कार्यकर्ताहरुलाई धमाधम लगेर मन्त्री बनाउने यो खालको अराजनैतिक, यो खालको अराजक प्रवृत्ति कहिले सम्म हुने हो ?  हो त्यसकारणले गर्दाखेरि यो प्रकारको कार्यशैलीले हामीले काँध दिएर जान सकिदैन। यो खालको कार्यशैली सुधार गर्नुपर्ने थियो तर त्यो अवस्था रहेन त्यसकारण पनि हामीले मित्रशक्तिसँगको सङ्घर्षलाई  अहिले वर्तमान परिपेक्ष्यमा हामीले यो सङ्घर्षलाई हामीले प्रधान मानेका छौं त्यसकारणले गर्दाखेरि अबको दिनमा हामीले यो विषयलाई पनि सुधार्नका निमित्त पनि अनुरोध गर्न चाहन्छौ र अन्त्यमा फेरि पनि यो जुन प्रस्ताव आएको छ त्यसलाई समर्थन गर्ने पार्टीको जुन नीति छ त्यसलाई हामीले  कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्दै मेरो आफ्नो भनाइ यही अन्त्य गर्दछु धन्यबाद।

## माननीय सभामुख

माननीय इन्द्रधारा डादु विष्टले नबोल्ने जनाउ दिनुभएकोले उहाँको नाम हटाइएको छ।

माननीय श्री मीना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु  त्यसपछि माननीय श्री पुष्पा के.सी.।

## माननीय मीना गुरुङ

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारले तीन वर्षको अवधिमा प्रादेशिक नीति, योजना तथा संरचना निर्माण, विकासको सोचको आधार निर्माण गर्दै दिगो विकासका लागि जग बसाउँदै अघि बढिरह्यो। आत्मविश्वास र सकारात्मक सोचका साथ आफ्नो लक्ष्य हासिल गर्न योजनावद्ध विकासका लागि पहिलो पञ्चवर्षीय योजना तयार गरी कार्यान्वयनको क्रममा छ। प्रदेशको भौगोलिक विविधता, प्राकृतिक सुन्दरता, बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक तथा धार्मिक विशेषतायुक्त हाम्रो यो समाजमा सामाजिक सदभाव कायम गर्ने काममा प्रदेश सरकारले नीति तथा कार्यक्रम अनुरुप मुखरित भए। माननीय सभामुखज्यू, समाजमा ब्याप्त विभिन्न प्रकारका विभेद उत्पीडन, बञ्चीतिकरणमा पारेका प्रभावलाई अन्त्य गर्दै सन्तुलित विकासमा माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको नेतृत्वको सरकार अगाडि बढ्दै गरेको सबैलाई जगजाहेरै छ। हामी नेपालीहरुले धेरै लामो सङ्घर्षपछि आफैले बनाएको संविधानबाट निर्देशित भए जनताको मन जितेर चुनावी प्रकृयाले जिम्मेवारी प्राप्त हाम्रा नेतृत्वलाई अकारण ससफल बनाउने हाम्रो यो राजनैतिक अभ्यास दीर्घ संकटको रुपमा देखा पऱ्यो म यसमा खेद जनाउन चाहन्छु। माननीय सभामुखज्यू, कोरोना नियन्त्रणका लागि जन जीविकाको काम रोक्नुपर्ने तर सत्ता फेर्नका लागि कोरोना पर्खन नपर्ने कस्तो नैतिकता हो यो हाम्रो ? के का लागि हामीले जनआन्दोलन गऱ्यौं जनयुद्ध गऱ्यौं यस्तै अस्थीर राजनीतिको लागि हो म प्रश्न गर्न चाहन्छु। मलाई स्मरण भएको छ २००३ सालदेखि आज २०७८ साल सम्ममा आइपुग्दाको हाम्रो राजनैतिक इतिहासलाई मनन गर्न म हजुरहरु सबैलाई माननीय यो गम्भीर आजको यो मोडमा आइपुगेका सम्पूर्ण हाम्रा सभासद्ज्यूलाई अनुरोध गर्न चाहन्छु। अझ हामी अलि नजिकको २०६२/०६३ सालकै जनआन्दोलनकै कुरा गरौं न। १० वर्षे जनयुद्धलाई सम्झौं न । कति सहिद भए,

कति टुहुरा भए, कति टुहुरी भए, कति विधवा भए त्यो क्रान्ति के का लागि थियो ? सबैको एकता र समझदारीमा सबैको चाहनामा आएको शासन पद्धति संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य होइन र ? त्यसका लागि दोहोरो खुट्टा टेक्ने संघीयताका जानकार हाम्रा सक्षम नेतृत्व जो माननीय मुख्यमन्त्रीज्यू हुनुहुन्छ जसलाई हटाउनको लागि आज यो धेरै किसिमका खेलको रचना भइरहेको छ। धेरै किसिमका आवाजहरु यहाँ धेरै किसिमका भनाइहरु सुन्ने र उहाँहरुको बुद्धिमानी ती प्रस्तुतिहरुलाई बुझ्ने हामीले अवसर पाइरहेका छौं। त्यो एउटा बिडम्बना हो म भन्न चाहन्छु। जसले प्रदेशलाई अधिकार दिनुपर्छ भनेर निरन्तर आवाज उठाउनुभयो केन्द्र सरकारसँग तर्क गर्न सक्ने क्षमता राख्नुभयो यस्तो नेतृत्वप्रति अविश्वासको प्रस्तावलाई ल्याएकोमा यस्तो प्रस्तावप्रति म घोर बिरोध गर्न चाहन्छु। माननीय सभामुख महोदय, कोरोना नियन्त्रणको लागि जनजीविकाको काम त हामीले रोक्नुपरेको छैन सत्ता फेर्नको लागि भनेर हामी यस्तो कोरोना संक्रमित भई भई पनि यहाँ भोट हाल्न आउनुपर्ने स्थिति यो इतिहासमा लेखिने कुरा भएको छ। यो कहाँको नैतिकता हुन सक्छ ? सबै मिलेर कोरोनालाई परास्त गर्न होइन सत्ता फेर्नको लागि हामी भिडभाड भएका छौं यो बेलामा सबै दलहरु मिलेर कोरोनालाई परास्त गर्न पर्ने हो। कोरोनाको एउटा औषधी भनेको ऐक्यवद्धता नै हो। कोरोना संक्रमणले गाँजिसकेको छ। स्वास्थ्यका सबै भौतिक पूर्वाधार पर्याप्त नभएको बेला आर्थिक मन्दी भएको बेला त्यैपनि हामीले बिनाकारण व्यक्तिगत महत्त्वकांक्षाका कुरा गर्नका लागि सरकार फेर्नका लागि यो गतिविधि गरिरहेका छौं । नेपालको संसदीय व्यवस्थाको मामिलामा बिचलन आएको छ । माननीय सभामुखज्यू, राजनीतिक दलहरुमा पनि सिद्धान्त भन्दा सत्ता स्वार्थ हावी भएको देखियो। अघिल्लो चुनावमा एउटै घोषणापत्र लिएर मत माग्न सँगसँगै जनताको घर घर हिँडेका हामीहरु अहिले सरकार फेर्न निर्णायक भूमिकामा आएका छौं।राजनीतिक नैतिकता भन्ने चिज हराएकै हो त ? म प्रश्न गर्न चाहन्छु । सभामुख महोदय, जस्तोसुकै निकृष्ट काम गर्नेहरुले पनि नैतिकताको ख्याल त राखेकै हुन्छ तर हामी सांसद भन्नेको नैतिकता खोइ त ? विगतमा जनता सामू गरेक बाचाहरु

बिर्सिएर एकाएक अचानक अविश्वासको प्रस्ताव दर्ता गराउनु यो ठूलो ठूलो विश्वासघात हो। माननीय सभामुख महोदय। नेकपा भएर तीन वर्ष सम्म सरकारमा बस्ने, मन्त्री हुने, एमाले भएपछि समर्थन फिर्ता गरेर जोसँग पनि मिल्न जाने, सरकार फेरि फेरि मुलुकलाई अस्थिरतातर्फ धकेल्ने, कार्यले कहिल्यै पनि यो देशमा संमृद्धि आउन सक्दैन। यो हर्कतलाई संघीयतामाथिको प्रहारको रुपमा म बुझ्न चाहन्छु र बुझाउन चाहन्छु। संघीय शासन प्रणालीलाई असफल बनाउने यो ठूलो प्रयत्न भइरहेको छ कि हामी नयाँ नयाँ प्रणालीको प्रयोग मात्रै गरिरहने हो त ? यसरी हामीले शिष्टमहरु भत्काउन खोज्यो भने संघीयताको औचित्य खोज्दै सडकमा नारा लाग्नेछ । संघीय सरकार परिवर्तन जे जे भइरहेका छन् खेलहरु त्यही खेल प्रदेश सरकारको लागि पनि भएको छ। हामीले हाम्रो मुलुकको संमृद्धि र जनताको कहिले खोज्छ कहिले पाउँछौं ? प्रदेश सरकार परिरवर्तन गर्नुको ठोस आधार र कारण केही छैन। अकारण सरकार परिवर्तनको कुनै आधारै नभइकन पनि यस्ता गतिविधिहरु हुनु यो  ज्यादै नै दुःख लाग्ने घटना हो। सरकार चलाउन जनमत नपाए पनि मुख्यमन्त्री र मन्त्री बन्न भने रहर लागेपछि घेराबन्दी, अपवित्र गठबन्धन गर्ने, सरकार फेर्ने यो हर्कत देखेर जनताले के भन्छन् भन्ने समेत हेक्का राख्न नसक्नु यो ज्यादै नै बिडम्बना हो। गण्डकीबासीले यस्ता नेतालाई अब किन निर्वाचित गरेछु भनेर कतै पश्चाताप त गरिरहेको छैन भन्ने मलाई लागिरहेको छ। माननीय सभामुख महोदय, संविधान र संसदीय प्रणालीको विश्वव्यापी मान्यता विपरीतको अभ्यास हामी कहाँ अहिले हुँदैछ। हामी आफैले सरकारको स्थायीत्वको लागि संविधान लेख्यौं त्यो साँचो कुरा हो यो भर्खर माननीयज्यूहरुले भन्नुभएको छ तर हामी त्यही संविधानको भावना विपरीत सरकार परिवर्तनको खेलमा आफैले विभिन्न अभिनय पात्रको भूमिका निर्वाह गरिरहेका छौं। सभामुख महोदय, जनतालाई सुविधा प्रदान गर्न ल्याएको प्रदेश सरकार संघीय शासन प्रणाली अब कोल्याप्स हुने खतरा सबैले महसुस गरिसकेका छौं। कसैलाई मुख्यमन्त्री बन्नु छ, कसैलाई मन्त्री बन्नु छ, कसैलाई रिस फेर्नु छ, यसले अस्थीरता निम्ताउने भने पक्का भइसकेको छ। कुनै ठोस कारण बिना सरकार गिराउने बनाउने खेल खेल्नु संसदीय शासन प्रणालीको

सबैभन्दा बिकृत रुप हो भनेर म यहाँहरुलाई भन्न चाहन्छु। यो कुरा साँचो हो। यस्तो पाराले संमृद्धि ल्याउँदैन । हामी नारामा संमृद्धि भन्ने तर रोग भोक गरिबी बेरोजगारी माथि राजनीति गर्ने केही गर्न नसक्ने र गर्न खोज्नेलाई पनि घेराबन्दी गरेर हटाउने जागिरे शैलीमा सत्ता चलाउनुको अर्थ के पो हुन सक्छ र ? सत्तामा पुग्नु मात्रै अन्तिम लक्ष्य हो कि जनता सुखी र संमृद्ध बनाउनु पनि हो । सभामुख महोदय, जनता पहिलाको जस्ता त छैनन् नि अस्थीरताका पर्यायलाई पाखा लगाउने पक्कै जनतामा शक्ति छ त्यो पक्कै गर्नेछ। गण्डकी प्रदेशमा बामपन्थी सरकार ढालेर बामपन्थीको नेतृत्वमा सरकार ढालेर सरकार बनाउने हामीले यो सिद्धान्तलाई तिलान्जली दिएका हौं। संघीयताका कार्यानवयनमा दरो खुट्टा टेक्ने संघीयताको जानकार एउटा यस्तो व्यक्तित्वलाई हटाउन खोज्नु यो ज्यादै बुद्धिमानी कुरा भएको छैन। यसले भविष्यमा पक्कै पनि एउटा इतिहासमा कुनै न कुनै ठूलो एउटा अपशोच म एउटा उहाँहरुलाई पश्चाताप हुने बेला आउँछ जस्तो मलाई व्यक्तिगत रुपमा पनि लाग्छ र यो घटना पक्कै पनि आउनेछ। जसले प्रदेशमा अधिकार दिनुपर्छ भनेर आज यहाँसम्म समानताको हिसावले काम गर्दै आएको हामीले धेरै उदाहरणहरु अहिले भर्खरै पनि सुनिसकेका छौं। राजनीति गर्ने र लोकतन्त्रप्रति विश्वास गर्ने मुख्यमन्त्रीज्यूले यो अविश्वासको प्रस्तावबाट भाग्न खोजेको होइन। मैले माननीयज्यूहरुबाट सुनिसकेको छु। यहाँ धेरै पटक हामीले सुनेका छौं कि भाग्न खोज्यो भनेर। सम्भावना खोज्नकै लागि शान्तिको सिफारिस गर्नुभएको भन्ने कुरा सबैले बुझ्दा बुझ्दै पनि धेरै अलि बढी नै दोष देखाएर आफूमाथि उठ्ने यो नेपाली भनुँ या मानवताको यो स्वभाव ज्यादै नै मलाई अमानवीय जस्तो लाग्छ तर हिजो केही माननीयज्यूहरुले मुख्यमन्त्रीविरुद्ध हिजो त होइन हिजो त हामीले जे गऱ्यौं हाम्रो कोरोना हामीले पिसिआर चेक गऱ्यौं त्यो भन्दा अगाडिको दिनमा यहाँहरुले त्यो किसिमको भनाइहरु राख्नुभएको देखेर मलाई ज्यादै नै दुःख लागेको छ। यो अनावश्यक कुराहरु बढी गरेर हामीले जित्छौं भन्ने जुन किसिमको हामी सफल हुन्छौं भन्ने यहाँहरुले विचार राख्नुभएको छ त्यो शायद सफल होला भन्नुहोला त्यो समयले देखाउँछ तर यहाँले गर्नुभएको त्यो जुन

किसिमको कर्महरु छन् त्यो राजनीति अभ्यासहरु छन् यसले जनतामा एउटा गलत सूचना प्रवाह भइरहेको छ यसबाट भावी पुस्ताहरु भावी राजनीतिक रुपमा  आउन चाहने हाम्रा समाजका ती युवाहरुलाई पनि गलत सन्देश गएको कुरा पनि म यहाँलाई अवगत गराउन चाहन्छु र अन्त्यमा प्रतिपक्ष प्रतिपक्ष नै भयो तर एउटै पार्टीमा रहेर सबै सुख सुविधा भोग गरेर सहकर्मीहरुले त  मुख्यमन्त्री त पक्कै पाउनुहुन्न । सभामुख महोदय, मन्त्री त हामीले पनि रोजि रोजि दिएकै थियौं नि त आखिरी सरकार गिराउनुपर्ने अवस्था किन आयो म यहाँ प्रश्न गर्न चाहन्छु। यसको उत्तर जनतालाई अवश्य दिनुपर्छ । आफूलाई संघीयताको जननी भनेर दाबी गर्ने नेताहरु संघीयता चाहिँदैन प्रदेश खारेजको माग गर्नेहरुसँग घाँटी जोड्दै हुनुहुन्छ कुरा प्रष्ट छ। यो संघीयता सिद्याउने खेल (माननीय सभामुखः माननीय सदस्य समय सकियो।)  मात्र हो। यसैले गर्दा प्रतिगमन ज्वलन्त उदाहरण भनेर यहाँहरुले भनिरहनुभएको छ । मलाई लाग्छ यहाँले खेल्नुभएका यी सबै खेलहरु नै प्रतिगमनको एउटा प्रष्ट उदाहरण हो त्यसैले गर्दा यो कुरा तपाई हाम्रो दोहोरो यो भनाभन र प्रस्तुतिले मात्रै हामी  पक्कै पनि निर्णयमा पुग्दैनौं तर  यो आखिर सबैको निर्णायक हुनुहुन्छ जनता (माननीय सभामुखः माननीय सदस्य समय सकियो।) जनताले नै निर्णय लिनेछ भन्दै म यो अविश्वासको पत्रप्रति घोर विरोध जनाउँदै यो विश्वासप्रति अविश्वास जनाउँदै मेरो दल र मेरो   यसमा आपत्ति रहेको जनाउँदै  म यसमा विरोध गर्दै बिदा हुन्छु हस्त धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय   सदस्य श्री पुष्पा के.सी. भण्डारीलाई छलफलमा भाग लिन  समय दिन्छु त्यसपछि माननीय सदस्य मोहन प्रसाद रेग्मी।

## माननीय पुष्पा के.सी. भण्डारी

माननीय सभामुख महोदय, माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङमाथि जुन अविश्वासको प्रस्ताव प्रदेश सभामा पेश गरिएको छ त्यो प्रस्तावको विपक्षमा म आफ्नो धारणा राख्न अनुमति चाहन्छु। सभामुख महोदय, यो अविश्वासको प्रस्तावलाई सरसर्ती नियाल्दा यो प्रस्ताव तयार पार्दा प्रस्तावकहरुलाई कति कठिन भयो होला भनेर म बडो गम्भीरतापूर्वक सोचिरहेछु। बडो मुस्किलसँग केही बुँदाहरु खोजेर त्यसलाई आरोपको भाषामा मोडेर यहाँ प्रस्तुत गरिएको छ। पहिलो आरोप सर्वश्रेष्ठ प्रदेश बनाउन चुकेको, दोश्रो आरोप बजेट खर्च अत्यन्तै न्यून रहेको, तेश्रो आरोप बेरुजु बढेको, चौथो कोरोनाको उपचार सम्बन्धी सही व्यवस्थापन नभएको, पाँचौं विषयगत समितिलाई बजेट कम भएर कार्यमा बाधा परेको र छैटौं माओवादीतर्फका मन्त्रीहरुलाई घोषणापत्र अनुरुप काम गर्न नदिएको र प्रधानमन्त्रीज्यूको कदमलाई सही भनेको भन्ने। के यी बुँदाहरु अविश्वासको प्रस्ताव ल्याउनुपर्ने जस्ता छन्। म त सोचेरै छक्क छु। ल यी बुँदै पिच्छे छलफल गरौं न कुन काम नगरेको कारणले यो सर्वश्रेष्ठ प्रदेश भएन ? कारण कुन क्षेत्रमा जनअपेक्षा पूरा भएन? जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रममा सरकार कहाँ चुक्यो ? संघीयता र गणतन्त्र र लोकतन्त्रलाई कुन पाटोमा मनन गरेन ? यी कुरालाई यो प्रस्तावले बोल्दैन त ? किनकि त्यसलाई पुष्टि गर्ने आधार जुटाउन प्रस्तावक पक्षलाई कठिन थियो। प्रतिस्पर्धा हुनु राम्रो हो तर पहिलो प्रतिस्पर्धा आफैसँग हुनुपर्छ। सुरुवातको अवस्था र वर्तमान अवस्थामा कति प्रगति भयो र गन्तव्यमा पुग्न कति बाँकी छ र कति इफोर्टको जरुरत पर्दछ त्यसको प्रबन्ध कसरी गर्न सकिन्छ भन्ने प्रमुख हुन्छ। यसरी गति तय गर्दा अरु प्रदेशसँग पनि तुलना भएछ भने बेसै कुरा हो। त्यो हुनु पनि पर्छ तर भर्खर सम्म त नेकपाको सरकार हुँदा अस्ति भर्खर सम्म त नेकपाको सरकार हुँदा पहिलो दोश्रोमा नै थियो। दुई / चार दिन यता ध्वस्तै भएछ त मेरो जिज्ञासा नि यो प्रस्ताव हेरेपछि उठेको समयले यसको उत्तर दिने नै छ। अर्को आरोप छ बजेट खर्च हुन नसकेको, कार्यान्वयनमा उदासीन बनी कसरी यस्तो कुरा गर्न सकियो होला। दुई दुई जना पूर्व मन्त्रीज्यूहरु समेत प्रस्तावक रहेको यो अविश्वास प्रस्तावमा के उहाँहरुलाई

त्यो बेलाका अप्ठ्यारा यादै रहेनन्। के के कारणले बजेट खर्च गर्न सकिएको थिएन भन्ने कुरामा उहाँहरु अनभिज्ञ नै हो त। त्यो बेला त नीति, नियम, कानून, कर्मचारी, कार्यालय आदिका अभावले सुरुका वर्षमा अपेक्षित काम गर्न नसकेको र गत वर्ष कोरोनाले असर गरेको भनेर आफै रोष्टममा उभिएर माननीयहरुलाई जवाफ दिइरहनुभएको जस्तो लाग्याथ्यो। के त्यो भुल्नुभएछ ? ती विविध कारणले भने जस्तो बजेट खर्च गर्न सकिएन भनेर सरकारले बारम्बार स्वीकार गरेको थियो तथापि बजेट खर्च प्रतिवर्ष बढेकै थियो ०७५/७६ मा ५८.१० % बजेट खर्च भएको थियो। ०७६/७७ मा ६३. ७१ % बजे खर्च भएको छ। के यो ती विषमतालाई चिर्दै गरिएको प्रगति प्रगति होइन ? के यो समय यहाँहरुका मानसपटलबाट हटेकै हो त ? मलाई प्रस्तावक मध्येका दुई जना पूर्व मन्त्रीज्यूहरुलाई विशेष सोध्न मन लाग्छ अनि रिवन पनि त्यसै कहाँ काटिन्छ र त्यसका लागि पनि त काम गर्नै पर्छ होइन र ? यसैसँग जोडिने अर्को आरोप छ बेरुजु बढ्को छ भन्ने । कामै नभएको ठाउँमा बेरुजु कसरी बढ्दै गएको होला सोच्ने कुरा छ यो त। बेरुजु भनेको मेरो बुझाइमा हिसावकितावमा त्रुटि, कागजपत्रमा कमी कमजोरी या छुटेको या त्रुटि भन्ने छ तर बेरुजुलाई यहाँ भ्रष्टाचार जस्तो गरेर प्रस्तुत गरिन खोजिएको छ तर मैले बुझे सम्म बेरुजुहरु फछ्र्यौट हुन्छन् र अन्तमा बेरुजु निल पनि हुन्छन्। अहिले राजिनामा दिनुभएका यो प्रदेशका तत् तत् मन्त्रालयका मन्त्रीज्यूहरुको मन्त्रालयमा बेरुजु छ कि छैन होला ? संस्थापक मन्त्री भएका हिसावले त्यो बेलाको बेरुजुको जिम्मा आफ्नो हुन्छ कि हुन्न होला ? त्यहाँ बेरुजु भए किन कसरी भयो भ्रष्टाचार भन्ने कि बेरुजु वा फछयौट हुन्छ भनेर सोच्ने होला यस्तै यस्तै प्रश्न मेरो दिमागमा चलिरहेको छ। गोठ सदैंमा भेडो बाखो र बाखो भेडो हुन्न भन्ने मलाई लाग्छ। बुझ्नेहरुलाई इसारा काफी छ। कोरोना उपचारको त संङ्कल्प प्रस्ताव नै पास गरेर अनुगमन टोली बनेर काममा लागिसकेको अवस्थामा धेरै चर्चा नगर्दा पनि होला। सबै कुरा विस्तारमा प्रतिवेदनले स्पष्ट पार्ने नै छ तर सरसर्ती हेर्दा पनि आजको स्थितिमा पनि उभिएर

बोलिरहँदा के गण्डकी प्रदेशमा यसको रोकथाम र न्यूनीकरणको निम्ति कुनै पहल नै भएन त? तुलनात्मक रुपमा के यो प्रदेशको असी नै थियो त ? यो घोरिनुपर्ने विषय हो। अकस्मात् संसारभरि महामारी फैलिएको छ। विकसित भनिएको मुलुकहरु पनि के गर्ने के नगर्ने भनेर अलमलमा परेका बेला, डाक्टर वैद्यले सबैले सही दबाइ सुल्झाउन नसकेको बेला, अनुसन्धानकर्ताहरुले उछार नपाइरहेको बेला जनतालाई सचेत गराउनु र सुरक्षित राख्नु कतै जीवन गुमाउन नदिनु विश्वको नै उपाय नभएको बेला के यो प्रदेश पछि हट्यो र ? हरेकका मोवाइलमा सन्देश, टि.भी., रेडियो आदि सबै सञ्चारका माध्यमबाट जनतालाई सुसूचित गरेर माक्स लगाउने र हात धुने बानीलाई जीवनशैलीका रुपमा विकास गर्न के यो प्रदेश सफल भएको छैन र ? समयमा नै लकडाउन गरेर रोग फैलिनबाट जोगाउने बुद्धिमतापूर्ण निर्णय गरेको होइन र ? भोकै नरहून् भनेर राहत र रोगमा कमी आउन थालेपछि सुरक्षा विधि अपनाएर विकास निर्माणका काम सुरु गरी बिपन्नलाई प्राथमिकतामा राखेर रोजगारी दिएको होइन र ? पालिका र वडास्तरमा क्वारेन्टाइनको व्यवस्था, आइसोलेसन वार्डको व्यवस्था र अस्पतालहरु पुगेर उपचारको व्यवस्था नगरेको होइन गरेको थियो परिपूर्ण भएन होला। भने जस्तो सेवा उपलब्ध भएन होला तर प्रयास भएन भन्नु सही जस्तो लाग्दैन मलाई। किनकि सबै श्रोत र साधनले पूर्ण भनिएका मुलुकमा पनि यो रोगको व्यवस्थापन यद्यपि मुस्किल नै भइरहेको छ। सुरक्षित रहनु एक मात्र उत्कृष्ट उपाय हो भन्ने बुझेर र अनि आफूहरुले कतिपय दुई दुईवटा खोप लगाइसकेर केही गरेनन् भन्ने त्यस्तो गर्न हुन्छ र ? यस्तो आरोपले त भोलिका दिनमा कोरोना विरुद्ध कोही जादूको छडी लिएर उपस्थित गराउँदै हुनुहुन्छ कि भन्ने पर्खाइमा पो छु म त। सभामुख महोदय, आरोपका विषयहरुमा छलफल गर्दै गर्दा कुन कुनै विषय त टिठ नै लाग्छ ब्यक्त गर्न पनि। अब विषय समितिलाई बजेट कम भयो भन्ने कुरा पनि अविश्वासको प्रस्तावमा आउने कुरा हो त ? कति गारो भएछ यहाँहरुलाई सरकारका दोष निकाल्न भन्ने कुरा यही प्रस्तावले पनि जनाउँछ। यसमा धेरै छलफल गरेर म आफ्नो समय खर्च गर्न चाहन्नँ। त्यस्तै अर्को प्रस्ताव छ माओवादी मन्त्रीहरुले घोषणापत्र अनुरुप

काम गर्न खोज्दा सरकार प्रमुखको असहयोग रहेको भन्ने। हिजो सरकारमा रहँदा सम्म त्यो कुरा भन्नु नपर्ने, घोषणापत्र अनुरुप काम गर्न पाइएन भनेर भनेर राजिनामा दिन नपर्ने, अहिले आएर जब नेकपाबाट एमाले र  नेकपा माओवादी केन्द्र भइयो, समर्थन फिर्ता लिइयो अनि बल्ल हामी त दुःखमा थियौं नि भन्ने। आफूले समालेको मन्त्रालयमा के कसरी बजेट बितरण भयो, कस्ता कस्ता ठाउँमा लगानी भए, कस्ता कस्तालाई कहाँ कहाँ नियुक्ति दिइयो त्यो भन्न नपर्ने, अहिले आएर विभिषण जस्तो कुरा गर्नु के उचित हो र ? त्यो बेला जे जति काम कारवाही भए त्यो नेकपाको संयुक्त घोषणापत्र होइन र ?  के त्यो माओवादी केन्द्रको मात्र थियो र ? यसरी आफूले बोल्दा त्यसको प्रतिक्रिया के आउँला भन्ने सम्म पनि हेक्का नरहेको देख्दा उदेक लाग्छ। एउटा औंलाहरुलाई देखाउँदा बाँकी औंलाले त आफैलाई देखाइरहेको हुन्छ नि भन्ने कुरा पनि स्मरण गर्नुपर्दछ। सभामुख महोदय, अविश्वासको प्रस्ताव हेरेपछि ती सबै प्रस्तावहरु प्रस्तावकका लागि मात्र थिए। प्रस्तावका लागि मात्र थिए। मूल कुरा त प्रधानमन्त्रीज्यूले लिनुभएको कदमको प्रतिशोध मात्र हो भन्ने स्पष्ट नै हुन्छ जुन कुरा उचित होइन। सभामुख महोदय, प्रदेशले आफूलाई प्रदेशकै रुपमा बुझेर अगाडि नबढ्दा सम्म संघीयता, लोकतन्त्र र गणतन्त्रको मर्म मुखरित हुन्छ जस्तो मलाई लाग्दैन। सबैले मनन गर्नुपर्ने पक्ष हो। यो संघीयता शब्दले होइन। त्यसको मर्म र व्यबहारले जीवन्त रहन्छ। रह्यो कुरा प्रदेशले विकास र संमृद्धिलाई आत्मसाथ गऱ्यो कि गरेन भन्ने बारे। त्यो जनतासँग सोध्ने प्रश्न हो। यसको उत्तर उहाँहरुले नै दिनुहुन्छ किनकि परिवर्तनको अनुभूति उहाँहरुले गर्नुभएको छ डोकोमा सामान ल्याउनुपर्नेमा आज मोटरले दैलो अगाडि सामान छोड्दा खुसी उदाएका उनका मुहारहरु देखिन्छन्। उत्तर त्यसैमा पाइन्छ। सभामुख महोदय, जल, जंगल, जमिन, खानेपानी ,  सौर्य ऊर्जा आदि प्राकृतिक सम्पदा हुन्। स्थान र आवश्यकता हेरी यिनको प्रयोग हुने गर्दछ। यिनकै सही सदुपयोगले नै समृद्धिलाई निम्त्याउन सकिन्छ। यो सर्वविदित कुरा हो। सभामुख महोदय, यही छलफलका क्रममा विकासका काम कारवाही बारे एक जना माननीयले भन्नुभयो यो सरकारले देखिने गरी के काम गऱ्यो भत्केका

पिचलाई टालेको, खनेका गोरेटालाई फराकिलो पारेको अब यो भनाइले मलाई पुनः सोच्न बाध्य बनायो। तुइनको ठाउँमा झोलुङ्गे पुल, झोलुङ्गे पुलको ठाउँमा पक्की पुल मुहानदेखि घरघरमा पानी धारा भिर पाखा खनेर बनाएको बाटोहरु नयाँ नयाँ बाटो र ट्रयाक खोल्ने कामहरु, सामुदायिक भवनहरु संग्रहालयहरु, पदमार्गहरु, यहाँ खेती चक्लाबन्दी गरेर खेतीहरु, दिएका अनुदान र सहयोगहरु, सिँचाइ, महिला, बालबालिका, जेष्ठ नागरिकका हितमा गरिएका कामहरु विश्वविद्यालय र विभिन्न प्रतिष्ठानहरु, खेलकुद मैदानहरु, अस्पतालहरु, प्राकृतिक र सांस्कृतिक सम्पदाको जगेर्नाको निम्ति गरिएका पहलहरु अनेकौं कानूनको निर्माण आदि थुप्रै थुप्रै कामहरु मेरो नजर अगाडि झल्झली आइरहे। के ती कामहरु काम होइनन् ? जनतालाई ने त यस्तै यस्तै कुरा हुन् नि मैले मन मनै सोचें। यी सबै खाले कामहरु त उहाँहरुले पुराना अरुले गरेको भनेर सोच्नुहोला। यदि उहाँहरुले काम गर्न पर्ने हो भने के गर्नुहोला यो पृथ्वी पनि पहिल्यै छ अरुले चलाइसकेको, नदी हावा पानी घाम अरुले भोगिसकेको नयाँ त केही हुन्न। यो सरकारले जे जति काम थालेको छ त्यो त पक्कै छुनुहुन्न होला। फेरि उही ठाउँमा नयाँ डिपिआर गर्नु हुन्छ होला (माननीय सभामुखः माननीय सदस्य समय सकियो) केही बाटो पिच छ बाँकी त्यसै छोडेर छेउमा नयाँ बाटो खन्नुहुन्छ होला कि बन्दै गरेका स्कूल, अस्पताल, विश्वविद्यालय आदि त्यसै छोड्ने होला कि पूरा गर्ने होला? वर्तमान प्रदेश सरकारले त यी ३ वर्षमा धेरै काम गरिसकेको छ। जग त बसिसक्यो त्यो जगमा ( माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो) निरन्तरता दिने होला कि नयाँ जग हाल्ने होला भनेर म सोच्दै रहें। सिद्याउन लागें सभामुख महोदय, साधारणतया नयाँ सरकारले पुराना सरकारले गर्दै गरेको कामलाई निरन्तरता दियो भने नै जनताले शिघ्र लाभ प्राप्त गर्दछन् तर उहाँले जस्तै त्यसले के काम गर्‍यो र त्यो त पहिल्यै थियो भन्यो भने के विकासले गति लेला? ट्रयाक खोलेको थियो भने फराकिलो पारेर पिच गर्नु बेष्ट वाल रिटेनिङ वाल नाला खन्नु पर्दैन। ट्रयाक खोलेपछि मोटर गुडिहाल्छ त ? त्यस्ता गैर जिम्मेबारीपूर्ण ( माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो) हुन्कारले आफ्नो भावी कार्यदिशामा गतिरोध ल्याउँछ भन्ने सम्म ध्यान

राखियो भने भविष्यमा काम गर्न सजिलो हुन्छ। विरोधका लागि मात्रै गर्नु कुनै ठूलो कुरा होइन। जे कुरामा चित्त बुझ्दैन त्यसको विरोध गरे ठीक हुन्छ नत्र त्यहीले आफैलाई पनि हानि पुऱ्याउँछ। सभामुख महोदय, राजनीतिमा काम गरेर जस नगरेर दोष गरेर पनि नहुने रहेछ। त्यो कुरा अहिले स्पष्ट ( धेरै समय लिनुभएकाले सभामुखज्यूबाट माइक काटियो)।

## माननीय सभामुख

माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री महेन्द्र बहादुर थकालीलाई।

## माननीय मोहन प्रसाद रेग्मी

माननीय सभामुखज्यू, यो विशेष अधिवेशनमा मुख्यमन्त्री माननीय मुख्यमन्त्री प्रति अविश्वास छ भन्ने सन्दर्भमा अविश्वासको प्रस्ताव पेश गर्नुभएको छ। त्यही विषयमा हामी छलफलमा छौं। सबैभन्दा पहिला यो परिस्थिति श्रृजना छ जुन परिस्थिति श्रृजना छ यो विषम परिस्थितिमा मानव जीवनको एउटा कठोर परिस्थिति कोभिड नाइन्टिनको प्रभाव त्यसले पार्ने असरको सन्दर्भमा पनि हामीले ध्यान दिन सकेका छैनौं। त्यो विषयमा पनि सभामुख मार्फत् हामीले विषय राख्दाखेरि त्यसलाई गहन ढंङ्गले सम्बोधन गर्न सकिएन र पिसिआर टेष्ट गरेर आज हामी फेरि यो सदनमा उपस्थित भएका छौं। जो कोभिड -१९बाट प्रभावित हुनुभएको छ माननीय सदस्यज्यूहरु र कर्मचारी साथीहरु उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। अविश्वासको प्रस्ताव पेश भएको छ र यो अविश्वास के का लागि भन्ने सन्दर्भमा चर्चा गर्नु भन्दा पनि हामी सार्वभौम सत्ता जनताको प्रतिनिधि संघीयताको पक्षधर संघीय लोकतान्त्रिक गणतन्त्रको एउटा अभियान्ता आज हामी यो संघीयता कहाँ छ भन्ने कुरालाई विर्सिएर फरक ढङ्गले प्रस्तुत भइरहेका छौं। स्वभाविक छ यो अविश्वासको प्रस्ताव पेश गर्ने माननीय कृष्ण चन्द्र नेपाली र यसलाई समर्थन गर्ने दलहरुको दृष्टिकोण हेर्दाखेरि मलाई लाग्छ यो कुनै आवश्यकताले भन्दा पनि एउटा सत्ता प्रलोभन हो भन्ने

कुरा सत्ताको लागि हो भन्ने कुरालाई शायद हामीले यहाँ छलफल त गरौंला जनताको विचमा छलफल नै गर्ने हो भने त्यो कुरालाई पुष्टि गर्छ। आज यो प्रदेशको संमृद्धिको लागि यो प्रदेशको विकासको लागि साझा एजेन्डा बनाएर हामी जसरी अगाडि बढिरहेका थियौं यसलाई संघीयतालाई नै हामीले जुन ढङ्गले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने माननीय सदस्यहरुको भूमिका हो। यो प्रदेशलाई एउटा विकास र संमृद्धिको बाटोमा लैजाने र एउटा नमूनाको रुपमा प्रस्तुत गर्ने यो संसदको दायित्व हो र सरकारको दायित्व थियो। यसबाट अलग ढङ्गले हामी छलफल गर्न खोज्यौं। छलफल कहाँबाट सुरु गऱ्यौं भने राष्ट्रियताको सवालमा, स्वाभिमानको सवालमा ठाडो शिर गरेर यो मुलुकको सम्माननीय प्रधानमन्त्रीले गरेका विषयहरु त हामी चर्चा गर्दैनौं तर संविधानको सर्वोच्चतालाई इन्कार गरेर अगाडि जाने नेकपा एमालेको एउटा नेता सम्माननीय प्रधानमन्त्री के.पी. ओलीले राष्ट्रियताको लागि गरेका कुरालाई एकातिर पन्छाएर प्रतिगमनको नाममा प्रतिगमन भयो भन्ने नाममा आज हामी संघीयतालाई कमजोर बनाउने काममा छौं कि छैनौं एकचोटि छातीमा हात राखेर आज हामीले मनन गर्नुपर्ने अवस्था छ। आज गण्डकी प्रदेशको संमृद्धिको सन्दर्भमा यहाँहरुले उठाएका विषयहरु धेरै आइसकेका छन् र म धेरै विषयतिर जान चाहन्नँ। पहिलो विषय गण्डकी प्रदेशको सरकार र मुख्यमन्त्रीको अविश्वास ल्याउनुपर्ने कारणका सन्दर्भमा छलफल भयो। हामीले सुन्यौं आज हामी एउटा संघीयता, लोकतन्त्रलाई, गणतन्त्रलाई स्थापित गर्नको लागि अगाडि बढ्यौं भनेर हामीले प्रतिवद्धता जाहेर गऱ्यौं। हामी चुक्यौं भनेका छौं। मलाई लाग्छ हामी चुकेका छैनौं। निरन्तर यो संघीयतालाई कार्यान्वयनका सन्दर्भमा यहाँको मुख्यमन्त्री माननीय मुख्यमन्त्रीले पटक पटक यसको बारेमा कुरा उठाइरहनुभएको छ र हामीले भनेका छौं यो संघीयतालाई ठीक ढङ्गले कार्यान्वयन गर्नको लागि केन्द्रीकृत होइन संघीयतालाई कार्यान्वयन गर्ने भनेको यो प्रदेश सभा हो प्रदेश सरकार हो त्यसैले आफ्नो दायित्व पूरा गर्नुपर्छ भनेर आफ्नै पार्टीको नेतासँग पनि संघीयतालाई कार्यान्वयन गर्ने सन्दर्भमा जुध्ने एक मात्र मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ हुन्। आज यहाँहरुले त्यो बिर्सनुभयो र उहाँहरुलाई

लाग्यो के.पी. ओलीको मतियारा भयो भन्ने नाममा हामीले सुनेका छौं धेरै पटक विपक्ष दलको नेताले यो रोष्टममा उभिएर धेरै कुरा गर्नुभएको छ। इतिहास खोतल्नुभएको छ र भन्नुभएको छ यो सबैको ठेकेदार हामी हौं भनेर। प्रजातन्त्रको, लोकतन्त्रको ठेकेदार हामी हौं भनेर बोल्नुभएको छ तर मुख्यमन्त्री यो रोष्टममा उभिएर इतिहासलाई कोट्याउँदाखेरि अनि यहाँहरु यो अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण परेछ। इतिहास साक्षी छ हामीले भोगेका छौं। अनि यो रोष्टममा उभिएर मुख्यमन्त्रीले कम्युनिष्ट आन्दोलनको कुरा गरिरहँदा कम्युनिष्टहरु प्रति प्रहार गरेका शब्दहरु कम्युनिष्टप्रति प्रहार गरेका ती शब्दहरु महसुस गर्नुभएको छ कि छैन यो यतापट्टि साइडमा बसेर अविश्वासको प्रस्तावमा सही गर्ने माओवादी केन्द्रका कम्रेडहरुलाई याद छ कि छैन ? आज कम्युनिष्टहरुप्रति प्रहार गरेर यो रोष्टममा उभिएर बोलेका शब्दहरु ख्याल गर्नुभएको छ कि छैन ? यदि यसलाई अपवित्र गठबन्धन किन भन्यौं यसकारण भन्यौं कि सत्ता पदलोलुपताका कारणले एउटा गठबन्धन बन्यो र कम्युनिष्ट पार्टीहरुको विचमा बामपन्थीहरुको विचमा एकता भएर जाने कुरालाई कमजोर बनाउने ढङ्गले अगाडि बढ्यौं भन्ने कुरा हामीले भन्ने कि नभन्ने ? हामीले छलफल गर्न तयार छौं । नीतिगत ढङ्गले छलफल गर्न तयार छौं । माक्सवादका सन्दर्भमा हामी छलफल गर्न तयार छौं। यो मुलुकको संमृद्धि र विकासको सन्दर्भमा हामी छलफल गर्न तयार छौं। यति मात्र म राख्न चाहन्छु र मैले यो कुरा किन उठाइरहेको छु भने मुख्यमन्त्रीको अभिव्यक्तिको कुरा पनि यहाँ उठ्यो र साझा संकल्पको कुरा अनि सरकार भन्दा बाहिरबाट संकल्प प्रस्ताव पेश गरेर पपुलर कायम गर्न पनि त खोजिएको थियो त। कोभिड नाइन्टिनको बारेमा अझ किन साझा संकल्प प्रस्ताव लिएर लैजाउ भनेर किन सुरु गरिएन? विगतमा हामीले भोगेका छौं तर पनि हामी साझा संकल्पका साथ अगाडि बढौं । हामी सुशासन कायम गरौं भनेर हामीले अगाडि भन्यौं। मलाई थाहा छ आज कोभिड नाइन्टिनको बारेमा समिति गठन गरेर त्यस्को अनुमोदन गरेर गयौं तर एकाएक म त स्याङ्जातिर आउँदै हुनुहुन्छ अरे भन्ने सुनेको थिएँ । त्यहीबाट सुरु भएछ। अविश्वासको प्रस्ताव ल्याएर सुरु गर्नुभएछ।

त्यो कोभिड नाइन्टिनको सन्दर्भमा जिल्लाको अनुगमनहरु कता हराए खै कुन्नि मलाई थाहा छैन। हामी कसरी अगाडि बढिरहेका छौं भन्ने एउटा उदाहरण मात्र हो। म भन्न चाहन्छु संघीयता कार्यान्वयन कि अस्थिरता श्रृजना गर्ने हाम्रो लक्ष्य हो? यदि संघीयतालाई कार्यान्वयन गर्ने हो भने यो प्रदेशको समृद्ध विकासमा सबैको साझा एजेन्डा बनाएर लैजानुपर्छ विचार र फरक फरक दृष्टिकोण हुन सक्छ । विचारमा बहस गर्न सकिन्छ । प्रदेशको संमृद्धि पञ्चवर्षीय योजना होस् वा दीर्घकालिन योजनाको रुपमा अगाडि बढिरहेको छ। आज प्रदेशका गौरवका योजनाहरुको बारेमा चर्चा हुन्छ कि हुँदैन ? हामीले सुरु गऱ्यौं कि गरेनौं ? यो प्रदेश सरकारले जिरोबाट सुरु गऱ्यो । गण्डकी प्रदेशको सरकार गठन हुँदाखेरि यहाँहरुलाई थाहा छ । माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले नेतृत्व गरेको यो सरकार जिरोबाट सुरु गरेर आज भौतिक पूर्वाधारहरु निर्माण गर्ने र यसलाई समृद्धिको बाटोमा अगाडि लैजाने कुरामा उसले खेलेका भूमिकाका बारेमा कतै जनताले मूल्याङ्कन गरेका छैनन् ? प्रदेश गौरवका योजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा अगाडि सारिएको योजनाहरुबाट जनताले प्रत्यक्ष अनुभूत गरिरहेका छन् । यो संसदभित्र र बाहिर पार्टीभित्र होइन जनताको बिचमा छलफल गर्न जाऔं। यो सरकार मुख्यमन्त्रीले नेतृत्व गरेको पृथ्वीसुब्बा गुरुङले नेतृत्व गरेको सरकार यो प्रदेशको जनताको एक मात्रै भरोसा र आशाको केन्द्र बनेको छ र त्यो संमृद्धिको बहाक बनेर अगाडि बढेको छ भने त्यो पार्टीसँग अर्थात् यो सरकारसँग संलग्न भएका पार्टी आज फरक ढङ्गले जाँदाखेरि सबै तहसनहस भयो। म प्रश्न गर्न चाहन्छु माननीय मन्त्रीज्यू पूर्वमन्त्रीज्यू हिजो धेरै आलोचना हुँदा पनि हामी त्यो गलत भयो भनेका थियौं के घोषणापत्रमा त्यस्तै गलत कुराहरु आएका थिए। बरु हामीले के भन्यौं भने गलत कुरालाई सच्याएर जानुपर्छ । प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ। सुशासन कायम गर्नुपर्छ त्यसैले हामीले भन्यौं अर्थात् गण्डकी प्रदेश सरकारले के भन्यो भने सुशासन कायम गर्नुपर्छ, आर्थिक अनुशासन कायम गर्नुपर्छ त्यसैले हामीले धेरै नीति निर्माणका कुराहरु अर्थात् त्यसलाई सुशासनको ढङ्गले अगाडि बढ्दाखेरि योजनाहरु सम्पन्न गर्ने कुरामा ढिलाइ भयो भन्ने कुरा महसुस छ कि छैन? ( माननीय

सभामुखः माननीय सदस्य समय सिद्धियो) भोलि तपाईहरुले एकै दिनमा सारा निर्णय गरेर रकम परिचालन गर्न सक्नुहुन्छ ? कि त्यस्तै खालको सोचाइ बनाइरहनुभएको छ यसकारण म भन्न चाहन्छु चाहे पर्यटनको क्षेत्र वा चाहे उद्योग र ऊर्जाको क्षेत्रमा होस् चाहे भौतिक पूर्वाधारको क्षेत्रमा होस् खानेपानीदेखि लिएर, कृषि उत्पादनदेखि लिएर हरेक क्षेत्रमा यो गण्डकी प्रदेश सरकारले गरेका कामले जनतालाई प्रभावित बनाएको छ त्यसबाट यो सरकारप्रति र त्यो पार्टीप्रति नेकपा एमालेप्रतिको मोह अर्थात् विश्वास भएकै कारण आज प्रतिपक्ष दलहरुलाई डाहा भयो त्यसैले अविश्वास प्रस्ताव ( माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो) पेश गर्नुभएको छ । यो अविश्वास केवल सत्ता प्राप्तिको लागि मात्र हो भन्ने मलाई लाग्छ र यसको बिरोध गर्दै म आफ्नो भनाइ अन्त्य गर्दछु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री महेन्द्र बहादुर थकालीले आफ्नो नाम हटाउनुभएको छ। त्यसपछि माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य मन बहादुर गुरुङ।

## माननीय विष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, आज हामी यो गण्डकी प्रदेशको यो इतिहासमा नयाँ मोडमा छौं। मलाई लाग्छ मैले यतिबेला स्मरण गरिराखेको छु जतिबेला पहिलोपटक हाउसमा यो रोष्टममा आएर बोलें। त्यतिबेला भित्रैदेखिको एउटा खुसी प्रकट गरेको थिएँ मैले। दुखी हुन पर्थ्यो म त्यतिबेला काँग्रेसको सरकार बनेको थिएन। काँग्रेस नेतृत्वमा थिएन। तैपनि म त्यतिबेला खुसी थिएँ। के मानेमा खुसी थिएँ भने सरकार जोसुकैको बनेतापनि यो बहुमतको सरकार छ । बहुमतको सरकारले यो गण्डकी प्रदेशलाई स्पष्ट खाका तय गर्छ र विकास निर्माणका कार्यहरुमा अगाडि ल्याउँछ र यो गण्डकी प्रदेशलाई समृद्धितर्फ लान्छ र सबै प्रदेशमा यो गण्डकी प्रदेश नमूना प्रदेश बन्छ भन्ने मलाई लागेको थियो। अहिले म यो सरकारको विपक्षमा अविश्वासको प्रस्तावको पक्षमा यहाँ बोलिरहँदा हामीले

अविश्वासको प्रस्ताव राखिरहेका छौं भन्दै गर्दा पनि म खुसी छैन। किन खुसी छैन भने हिजो हामीले जुन परिकल्पना गरेका थियौं जुन सोचका साथ अगाडि बढेका थियौं यो गण्डकी प्रदेशलाई समृद्धि  प्रदेश बनाउने, नमूना प्रदेश बनाउने भनेर त्यो सपना यो विचमा कही न कही तुहिएको छ हराएको छ कारण खोज्न जरुरी छ। कारण अहिले अविश्वासको प्रस्ताव राख्ने दल हो या सत्तामा बस्ने दल हो कारण खोज्न जरुरी छ। हामीले हिजो त्यही गर्‍यौं जे गर्दा सरकारलाई यो गण्डकी प्रदेशलाई संमृद्धि बनाउन सहयोग पुग्छ जे गर्दा सरकारले काम गर्न सजिलो वातावरण बन्छ प्रमुख प्रतिपक्षी दलको नाताले हामीले त्यही गर्‍यौं। हामीले रचनात्मक कार्यलाई सहयोगै गर्‍यौं सके सम्म हामी सचेत भयौं हाम्रो कारणले कही कतै यो गण्डकी प्रदेशको विकासको गति नरोकियोस् भन्नेमा हामी सचेत बन्यौं र सके सम्म कसरी सहयोग गर्न सकिन्छ भन्नेतर्फ हामी लागेकै हो। हामीले हेरेका छौं। बिगतका अन्य हाउसका प्रतिपक्षहरु हामीले संघको पनि हेरेका छौं अन्य प्रदेशका पनि हेरेका छौं तर गण्डकी प्रदेशमा हामी सँगै हिंड्न पर्छ के सरकार के प्रतिपक्ष हामी सँगै हिंड्नु पर्छ भन्ने सोचका साथ हाम्रो एउटै लक्ष्य, एउटै उद्देश्य, जुन उद्देश्य लोकतन्त्रको संरक्षण गर्दै लोकतन्त्रको मूल्य र मान्यतालाई  कायम राख्दै सँगसँगै हिंड्ने वातावरण बन्नुपर्छ भन्दै लागेकै हो तर दुर्भाग्य हामीले सोचेको भन्दा केही फरक भयो। हामी संविधान बनायौं। नेपाली जनताको लामो समय, धेरै निरन्तर लामो प्रयासपछि एउटा संविधान बन्यो। नेपाली जनताले बनाएको जनताले प्रतिनिधिले बनाएको हामी चाहन्थ्यौं यो संविधानमा कही कतैबाट पनि अंकुश लाग्ने काम नहोस्। यो संविधानमा कही कतैबाट पनि खोट लाग्ने काम नहोस्। यो संविधानलाई प्रयोग गरेर मुलुक प्रतिगमनतर्फ नजाओस् भन्ने हाम्रो चाहना थियो तर दुर्भाग्य त्यहीनेर गएर ठोकिन्छ। हामीले जे नहोस् भनेका थियौं त्यहीनेर गएर ठोकियो। वास्तवमा एउटा राजनेता जो पनि हुन सक्छ एउटा व्यक्ति विशेष पनि हुन सक्छ एउटा सामान्य जनता पनि हुन सक्छ। सबैको आशाको केन्द्रबिन्दु भनेको संविधान हो। त्यो संविधान जुन संविधान ठीक छ मान्छेले गल्ती गर्छ काम गर्ने क्रममा । गल्ती हुन्छ हरेक मान्छेले गल्ती गरेन भने

सिक्दैन पनि तर त्यो गल्तीको महसुस गरिएन भने मूर्खता हो। वास्तवमा अघि माननीयज्यूहरुले कुरा ल्याइसक्नुभएको छ। साँच्चै नै असंवैधानिक कदम त चालिएकै हो त। त्यो असंवैधानिक कदम जब अदालतले हेर है तिमीले गल्ती गऱ्यौं। यो असंवैधानिक कदम हो। तिमीले लिएको जिम्मेबारीबाट तिमी  च्यूत भयौं त्यसकारण यो करेक्सन गर्नुपर्छ भनेर जब सर्वोच्च अदालतले सम्मानित सर्वोच्च अदालतले भन्यो एउटा राजनेता नैतिकता भएन भने उसले मुलुक चलाउन सक्दैन। नैतिकता सबैभन्दा महत्त्वपूर्ण कुरा हो राजनीतिमा । अहिले जे विकृतिहरु भएको छ हामीले जे गरे पनि हुन्छ भन्ने सोचले यो विकृति आएको छ। वास्तवमा जब गल्ती भयो भन्ने कुरा थाहा हुन्छ नि हामीले देखेका छौं त्यो को हो हुन पात्र कुन दलसित सम्बन्धित कहाँ के थियो भन्नेतिर चर्चा नजाऔं। वास्तवमा नैतिकता भनेको एउटा रंगशालामा भएको घटनालाई लिएर राजिनामा दिने मन्त्री पनि छन्। होला उनीहरु कुनै पार्टीका होलान्। कुनै व्यवस्थासित सम्बन्धित होलान् तर नैतिकताको कुरा हो । जब मान्छेले गल्ती गरेको महसुस गर्छ त्यहाँनेर मैले गल्ती गरें भन्ने कुराहरु महसुस गर्नुपर्ने थियो मलाई लागेको थियो त्यतिबेला साँच्चै नै मुलुकलाई एउटा निकास आइसकेपछि यो प्रतिगमनकारी हो असंवैधानिक हो भनेपछि जसले त्यसको नेतृत्व गर्नुभयो उहाँले राजिनामा दिएर निकास दिनुपर्थ्यो यो मुलुकलाई साँच्चै माया गर्ने हो भने। त्यो परिस्थिति श्रृजना भएन। हामीले यही पनि हेऱ्यौं वास्तवमा अविश्वासको प्रस्तावको बारेमा छलफलकै क्रममा थियो होला। हाउस चलिराखेकै थियो। एकाएक अन्त्य भयो के का लागि ? सत्तालोलुपताको लागि प्रतिपक्षले अविश्वासको प्रस्ताव ल्याए भन्ने माननीयज्यूहरुसँग मेरो अनुरोध छ ६ गते त थियो त ६ गते बोलाइएको अधिवेशन एकाएक रातारात अन्त्य गर्नुपर्ने परिस्थिति कहाँबाट आयो  हो त्यहीनेर नियत खराब हो कि भन्ने हामीलाई लाग्छ। हामीलाई के लाग्यो वास्तवमा केन्द्रमा जुन परिस्थिति श्रृजना भयो अब प्रदेशमा पनि त्यही परिस्थिति श्रृजना हुन्छ भन्ने हामीलाई लाग्यो र हामी बाध्य भएर यो कदम चाल्नुपर्ने परिस्थिति भयो।  होइन सत्तैमा जाने कुरा हामीले भनेकै थियौं हामीलाई सत्ता दुई वर्षपछि त चुनावमा जानु छ। जनताको म्यान्डेट लिएर हामी

आउँछौं त हामीले पटक पटक भनेकै हो। विकास निर्माण र प्रदेशकै कुरा गर्दा पनि माननीयज्यूहरुले भन्नुभएको छ जुन गतिमा जानुपर्ने थियो हामीले घच्घच्याउने काम गऱ्यौं । रचनात्ममक हिसावले घच्घच्याउने काम गऱ्यौं तर कहीं न कहीं यो घच्घच्याइलाई यो प्रतिपक्षकै घच्घच्याइ हो भन्ने परिस्थिति श्रृजना भयो कि भन्ने हामीलाई लाग्यो। काम नभएका होइनन् काम भएका छन्। यो प्रदेशमा कामै भएनन् केही भएकै छैन भनियो भने मैले मेरो आत्माले त्यो कुरा भन्न सक्दैन। काम भएका छन्। त्यो कामभित्र राज्यको आफ्नो दायित्व, प्रतिपक्षको रचनात्मक सहयोग, सबै मिलेको छ त्यहाँ। मैले मात्रै गरें मेरै कारणले मात्रै भयो भन्न थालियो भने त्यहाँ पनि स्वेच्छाचारिता हुन्छ त्यसैले भएका कामलाई कामै गरा कामै भएन होइन त्यो भएका कामहरु पनि अझै राम्रो अझै विशेष बनाउनुपर्छ भन्ने हाम्रो मान्यता हो। हाम्रो प्रयास हो किनभने यो प्रदेशलाई हामीले माया गरेका छौं। यो प्रदेशलाई हामीले सम्मान गरेका छौं। हामीले कही न कही भुल्यौं यो सुशासनका कुराहरु, ढिलासुस्तीका कुराहरु, अनि यो झन्झटिलो प्रकृया जुन प्रकृयाको कारणले हामीले खर्च गर्न सकेका छैनौं त्यसैले यी सबै कुराहरुलाई समयमै ख्याल गरेर जाऔं है हामीले पटक पटक भनेकै हो। त्यसोभएको हुँदा अहिले जुन हिसावले यहाँ यो अविश्वासको प्रस्ताव आएको छ त्यो अहिले तत्कालै एकदमै त्यो झ्याप्पै सत्तामा जानपर्छ भन्दा पनि यसलाई विश्लेक्षण गर्नुपर्छ त्यो परिस्थिति कहाँबाट श्रृजना भयो त दुवै पक्षका माननीयज्यूहरुले भनिरहनुभएको छ हिजो एउटै घोषणापत्रमा बसेर चुनाव लडेकै हो। सँगै भएको सँगै भएका पार्टीहरुलाई मिलाउन नसक्ने परिस्थिति । त्यो भएको भए यो परिस्थिति नै आउने थिएन। प्रतिगमन भयो भनेर कराइरहेको बेलामा भनिरहेको बेलामा ए हो त मैले छोड्दिन्छु है भनेर त्यसलाई सहज रुपमा लिएको भए नि यो परिस्थिति नआउन सक्थ्यो। अहिले हामीले यो अविश्वासको प्रस्ताब ल्याए, सत्तामा जान लाए, सत्ता लोलुप भए, भन्दा पनि हामीले हाम्रो कमजोरी कहाँनेर भएछ, हामी कहाँनेर चुकेका छौं भनेर हेरियो भने हुन्छ भन्ने मलाई लाग्छ। यिनै कुराहरु राख्दै साँच्चै नै यो गण्डकी प्रदेशको भविष्य( माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो) निर्माण गर्नको लागि

जुन अविश्वासको प्रस्ताव आएको छ यो अविश्वासको प्रस्तावलाई पूर्ण समर्थन गर्दै सबैलाई त्यसमा सहयोग गर्न अनुरोध गर्दै बिदा हुन्छु धन्यबाद जयनेपाल।

## माननीय सभामुख

माननीय श्री मन बहादुर गुरुङलाई छलफलमा भाग लिन  समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री जनकलाल श्रेष्ठ

## माननीय मन बहादुर गुरुङ

सभामुख महोदय, आज नयाँ वर्ष २०७८ को शुभकामना छ साथै कोभिड उन्नाइसबाट प्रभावित भएर जुन माननीय राजिव माननीय, प्रभा माननीय र मनकुमारी माननीय जुन बिरामी हुनुभएको छ उहाँहरुको स्वास्थ्य लाभको कामना साथै सबै नेपालीहरुको स्वास्थ्य लाभको कामना र मृत्युवरण गर्नेहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु। सभामुख महोदय, आज हामी एउटा विशेष परिस्थितिमा छौं। अविश्वास प्रस्तावको बारेमा छलफल गर्न गइराखेका छौं। अविश्वास प्रस्ताव ल्याउन पाइन्छ, राख्न पाइन्छ, बहस गर्न पाइन्छ र बहुमतबाट सत्तामा जाने प्रकृया नै त्यही हो तर यो अविश्वासको प्रस्ताव किन ल्याउन परेको हो किन ल्याएको हो भन्ने जुन सवालहरु मैले यहाँ सुनिराख्दा विशेष गरी तीन वटा महत्त्वपूर्ण कुरा जस्तो देखियो। एउटा संघको प्रधानमन्त्रीले प्रतिगमन गर्‍यो । प्रतिगमनको मतियार प्रदेश सरकार भयो भनेर । अर्को सुशासन भएन, काम गर्न सकेन भ्रष्टाचार भयो र सोधपुछ गरिएन भन्ने कुरा आयो। अर्को मुख्यमन्त्रीले सदनलाई अवहेलना गर्‍यो, भागेर गयो त्यसकारणले तानेर ल्याउन पर्‍यो म यसको बारेमा अलिकति बहस गर्न मन लाग्यो। म साथीहरुलाई के आग्रह गर्न चाहन्छु भने माननीयहरुलाई के आग्रह गर्न चाहन्छु भने एउटा हैसियत लिएर यो ठाउँमा आएको छ त्यसकारणले त्यो हैसियत अनुसार तपाईहरुले कुरा गरिदिए हुन्थ्यो जस्तो  पनि मलाई लाग्छ। गाउँघरमा एउटा नेपालीमा उखान छ जुन भाँडोमा खायो त्यही भाँडो फोहोर। जुन घरमा बास बस्यो त्यही घर डडेलो त्यसकारणले अलिकति  हैसियत अनुसार  पढाउन खोजे हुन्थ्यो भन्ने मलाई लाग्छ। म

त्यो धेरै कुरा त्यतातिर जान चाहन्नँ। प्रतिगमन कहाँबाट भयो? प्रतिगमन बनाउने वा संसद विघटन गर्ने वातावरण श्रृजना कसरी भयो बहस गरौं न त्यहाँ। त्यहाँनेर बहस गरौं छलफल गरौं न। जुन प्रतिगमन भयो बडा अचम्म लाग्छ प्रतिगमन भयो भन्ने, सरकारको विरोध गर्ने, असंवैधानिक भयो भन्ने, अलोकतान्त्रिक भयो भन्ने तर सरकारलाई समर्थन फिर्ता गर्न नसक्ने। अलोकतान्त्रिक भयो भन्ने, असंवैधानिक भयो भन्ने, अनि जहाँ प्रधानमन्त्री खोज्दै हिंड्ने के हो किन खोज्दै हिंडेको प्रधानमन्त्री? तुरुन्त तपाईको अविश्वासको प्रस्ताव ल्याएर हटाइदिनोस् न नैतिकता नभएको प्रधानमन्त्रीलाई। कसले छेक्यो? कुन संविधानको धाराले छेकेको छ कुन संविधानको धाराले रोकेको छ। यदि त्यस्तो नैतिकताको प्रश्न गर्नेहरुसँग म प्रश्न गर्न चाहन्छु। आज मुख्यमन्त्री भाग्दै हिंडेर तानेर ल्याएको। म गर्वका साथ भन्छु, म ठोकुवाका साथ भन्छु मुख्यमन्त्री संघीयतका पक्षमा सबैभन्दा बढी वकालत गर्न सक्ने, सबैभन्दा बढी बहस गर्न सक्ने, सबैभन्दा बढी तपाईको यो संघीयतालाई तपाईको कार्यान्वयन गर्न पर्छ भन्ने पक्षधर हो मुख्यमन्त्री त्यसकारणले मुख्यमन्त्री यही छ ऊ कहाँबाट भाग्यो। कसले तानेर ल्याएको ? यो संवैधानिक व्यवस्था छ कहाँनेर छ अलोकतान्त्रिक। लोकतान्त्रिकबाट अविश्वासको प्रस्ताव दर्ता गऱ्या छैन । फेरि प्रतिगमन भयो भन्ने। कुन नैतिकताले भन्नुभाछ प्रतिगमन? त्यसकारणले मैले यो पनि एउटा कुरा । अर्को कुरा जुन सुशासनको कुरा गऱ्यो कि बडो गजब लाग्छ। सुशासनको कुरा गर्दाखेरि त हामीलाई कुनै तपाईको छलफल नै गरिएन भन्ने कुरा त म व्यक्तिको नाम तोक्न चाहँदिन। हिजो आन्तरिक मामिला चलाएको थिएन? पर्खेर हेर्नु पर्दैन जवाफ दिन नि। जवाफ पर्खेर बस्नु पर्दैन? सल्लाह नै गरिएन एउटै घोषणापत्रमा लडेको चुनाव लडेको कुनै छलफल नै भएन। कुनै विश्वास नै गरिएन। भ्रष्टाचार भयो सुशासन भएन अनि आन्तरिक मामिला अहिले हो त ? त्यसकारणले म धेरै कुराहरु राख्नुभन्दा पनि यहाँहरुको पनि कुरा उठ्यो। धरहरा उद्घाटन गऱ्यो। मेलम्ची ल्यायो। उद्घाटन गरियो उद्घाटन गर्नै नपाइनी ? हिजो हेर्नुहोस् अहिले पो उद्घाटन गरेर हिजो ल्याएको होइन? म स्मरण गर्न चाहन्छु ललिता काण्ड २०४९ सालमा

क्याविनेटले पास गऱ्या होइन ? के अहिले गऱ्या हो ? अहिले त छानवीन गरेर तपाईको कारवाही गऱ्याछ। तपाईको महाकालीमा सेना कुन सभापति भएको बेलामा राख्या हो? कुन प्रधानमन्त्री भएको बेलामा राख्या हो ? नेपाली काँग्रेस सभापति भएको बेलामा राख्या होइन ? नेपाली काँग्रेसको प्रधानमन्त्री भएको बेलामा राख्या होइन २००८ सालमा ? को हो मातृका प्रसाद कोइराला म स्मरण गर्न चाहन्छु त्यसकारणले मेरो विनम्र अनुरोध के छ भने यो नैतिकताको कुरा धेरै पाठ नसिकाए हुन्छ माननीयज्यूहरु। यो सुशासनको कुरा धेरै पाठ नसिकाए हुन्छ। अहिलेको सरकार यसमा गम्भीर छ। अविश्वासको प्रस्ताव कसरी ल्यायो हामी सबैलाई थाहा छैन। कम्फरटेवल सरकार बनाउन नेपाली जनताको पक्षमा अविश्वास प्रस्ताव ल्याएको नेपाली जनताको हितमा हो? सुशासनको हितमा हो ? कुनै विदेशीलाई अथवा कुनै शक्तिलाई तपाईको खुसी बनाउनको लागि अविश्वासको प्रस्ताव ल्याएको होइन? यो हामी सबैलाई थाहा छ। मेरो भनाइ होइन। यो हाम्रो केही नेताको भनाइ होइन? अनि यसरी प्रतिगमन जनताकोमा जाँदा प्रतिगमन हुन्छ? निर्वाचनमा जाँदा प्रतिगमन हुन्छ? संविधानमा टेकेर तपाईको जाँदा प्रतिगमन हुन्छ? यदि प्रतिगमन भयो भने हेर्नोस् त के ले रोक्यो अहिले ? के कारण हो ? कुन नैतिकताले तपाईले सरकारको समर्थन गरेर बसिरहनुहुन्छ ? विश्वासको मत लिने वातावरण त बनाइदेऊ। हिम्मत छ ? हिम्मत छ भने तुरुन्त समर्थन फिर्ता गर्नोस् न। यहाँ त बडो गजब छ। उद्घाटन गर्न पनि दिँदैन। उद्घाटन गऱ्यो हिजो हामीले ल्याएको भन्छ बा त्यसकारणले धरहरा उद्घाटन गऱ्यो, धरहरा उद्घाटन गर्दा हिजो गऱ्यो हिजो त भिमसेन थापाले गऱ्या हो नि। माननीयज्यूहरुलाई एउटा स्मरण त छ होला नि ०७२ सालको भुकम्पले ढलेको कुरा त अनि त्यसपछि कति प्रधानमन्त्री भएर कसले बनायो ? यो पनि हेक्का राख्नुपऱ्यो नि माननीयज्यूहरु यसकारणले मैले धेरै कुरा राखिराखु भन्दा म यसको बारेमा जति बहस गर्न पनि तयार छलफल गर्न तयार छु सैद्धान्तिक तरिकाले छलफल गर्न तयार छु बहस गर्न तयार छु त्यसकारणले म धेरै कुरा राखिराखुभन्दा अहिलेको यो अविश्वासको प्रस्ताव ल्याएको सन्दर्भमा म माननीयज्यूहरुलाई विनम्र अनुरोध गर्न चाहन्छु फिर्ता लिइदिनोस्।

फिर्ता लिँदा राम्रो हुन्छ। यो मुलुकलाई अस्थिरता बनाउने कुरा, विकासलाई देख्न नचाहने कुरा जस्तो लाग्छ मलाई। कसैलाई खुसी पार्नको लागि ल्याएको अविश्वासको प्रस्तावमा कसैले मत हाल्छ ? कसैले मत हालिन्छ भने नेपाली जनताको पक्षमा हुँदैन यो मुलुकको पक्षमा हुँदैन भन्ने कुरा त नेताहरुले बारम्बार बोल्दै छ त त्यसकारणले माननीयज्यूहरुसँग म निवेदन गर्न चाहन्छु फेरि पनि निवेदन गर्न चाहन्छु कि यो अविश्वासको प्रस्ताव फिर्ता गर्नोस् र नेपाली जनताको पक्षमा नेपालीहरुको पक्षमा मुलुकको पक्षमा जुन सरकारले जुन गतिविधि गरिराखेको छ यही सरकारलाई पूर्णता दिँदै समर्थन गर्दै अगाडि बढौं यो ज्वलन्त उदाहरण हामीसँग छ । बर्खे अधिवेशनमा हामीले संकल्प प्रस्ताव ल्याएको होइन। यो सरकार कति लचिलो, यो सरकार कति गम्भीर विपक्षीले उठाएको प्रस्तावमा सामेल भएर साझा प्रस्तावको रुपमा संकल्प प्रस्ताव गरी पास गरिएन? यस्तो सरकार कहाँ छ दुँनियामा ? त्यसकारणले यी कुराहरु राख्दै म यो अविश्वासको प्रस्ताव फिर्ता लिन आग्रह गर्दै यदि फिर्ता लिन चाहँदैन भने यसको विपक्षमा उभिँदै मेरा आफ्ना भनाइ अन्त्य गर्दछु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन  समय दिन्छु त्यसपछि माननीय सदस्य श्री मित्रकुमारी गुरुङ सुवेदी।

## माननीय जनकलाल श्रेष्ठ

माननीय सभामुखज्यू, आज हामी यो रोष्टममा अविश्वासको सम्बन्धी छलफलमा भाग लिएका छौं। यो संविधानले दिएको प्रदत अनुसार जुन तपाईको धारा १८८ (२) अनुसार जुन यो अविश्वासको प्रस्ताव ल्याइएको छ यसमा हामीले छलफल गरिरहेका छौं । मलाई यहाँ के अनौठो लागिरहेको छ भने अविश्वासको प्रस्ताव ल्याउने साथीहरुले बोल्दाखेरि यो सरकारले राम्रो काम गरेको छ गरेको छैन यही भन्नुहुन्छ एक पक्षले अनि एक पक्षले

अर्को भनेपछि  पक्षले के भन्नुहुन्छ केही गरेकै छैन। यही रोष्टममा आएर भन्नुहुन्छ उहाँहरुले एउटा मात्र  राम्रो काम केही गऱ्या छ के गऱ्या छैन भनेर पनि  हात ठड्याउन यहाँ हुन्छ। यहाँ अनौठो छ यहाँ किनकि सबभन्दा कुरा के भने सबै कुरा लेखे पनि यहाँ प्रधानमन्त्रीको कुरा यहाँ प्रयोग गरिएको छ अघि नै मेरा साथीहरुले भनिसक्नुभएको छ माननीयज्यूहरुले।   साँच्चै हो त गण्डकी प्रदेशमा गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई अविश्वासको प्रस्ताव ल्याउन सक्ने हाम्रा माननीयज्यूहरुलाई के आग्रह गर्न चाहन्छु भने तपाईका केन्द्रका नेताहरुलाई भन्नोस् त सम्माननीय प्रधानमन्त्री के.पी. कमरेडलाई अविश्वासको  प्रस्ताव दर्ता गराउँछु भन्न किन सक्नुहुन्न  तपाईहरुले?  पहिला त्यहाँ दर्ता गराएर बल्ल यहाँ दर्ता गराउनु पर्थ्यो किनभने कसलाई नसक्ने कसलाई गर्ने भन्ने कुरा फेरि बुहारी तर्साउन छोरी पिट्ने जुन परम्पराबाट यहाँ आएको छ गण्डकी प्रदेशमा यो बहुत तथ्य कुरा हो किनभने सबैले के भन्नुपऱ्थ्यो भने यो सरकारले काम गरेकै छैन भन्नु पऱ्थ्यो। त प्रस्ताव प्रस्तुत गर्ने साथीहरुले पनि यो सरकारले काम त गरेकै छ भन्नुभछ। अर्को कुरा मलाई याद छ बारम्बार हाम्रा माननीय कृष्णचन्द्र नेपाली  प्रमुख प्रतिपक्ष दलका नेताले छ भने गतिलो छ  भने मुख्यमन्त्रीमा पृथ्वीसुब्बा गुरुङ हुनुहुन्छ भन्नुहुन्थ्यो उहाँले यही रोष्टममा  उभिएर भन्नुहुन्थ्यो। उहाँले गल्ती कहाँ कहाँ छन् भनेर देखाउनुहुन्थ्यो के भन्दाखेरि यो संघीयता बचाउनको निमित्त सात प्रदेशका मुख्यमन्त्रीहरुलाई जम्मा गरेर प्रधानमन्त्रीको विरोधमा पनि उहाँ बोल्ने मान्छे हो भनेर उहाँ आँफै व्याख्या गर्नुहुन्थ्यो। आज उहाँ आफैले राखुभाछ मुख्यमन्त्रीले काम गर्न सक्नुभएन। मुख्यमन्त्री प्रधानमन्त्रीको  बफादार सिपाही हो उसले जे भन्यो त्यही मान्ने हो  यसकारण हटाइदिनुपर्छ भनेर उहाँले प्रस्ताव राख्नभयो। सुनैं साथीहरुले अब म धेरै कुरा राख्न चाहन्नँ। मलाई के लाग्छ भने यही मन्त्रीपरिषद्मा बसेर कानून मन्त्रीको हैसियतले सरकार कसरी सञ्चालन गर्ने, कुन कुन कानूनको धाराको बाट अगाडि बढाउनुपर्छ भनेर कानून बनाउने उहाँ, कानूनको धारा अनुसार काम गराउने उहाँ, दण्ड, सजाय के के गर्नुपर्छ भनेर निरीक्षण गर्ने उहाँ, उहाँले ल्याएको त्यो विधेयक पास गराउने

हामी पूरा हामी सांसदहरु अनि सुशासन भएन उहाँ आफै भन्नुहुन्छ। कानूनमा हामीलाई बाँधेर गण्डकी प्रदेशलाई कसरी लानुपर्छ भनेर कानून बनाउने उहाँ, प्रत्येक रुपबाट अगाडि बढ्नुपर्छ भन्ने उहाँ अनि काम गर्न हामीलाई दिइएन भन्नुहुन्छ अनि हाम्रो देश भनेको किसानको बढी देश भएको ठाउँ यहाँ तपाईको  चाहिँ कृषिमन्त्री जो तपाईको कृषि व्यवस्था कृषि सहकारी मन्त्रालयबाट कति राम्रो काम भइराखेको छ। त्यही मन्त्रीज्यूले यही अविश्वासको प्रस्तावमा काम भएन भनेर भनेको किनभने अब उहाँ नै होला मन्त्री हुने। उहाँले अगाडि सारेका कामहरु कसरी गर्नुपर्छ भन्ने कुरा सोच्नुहुन्छ कि हुन्न अब ? किनभने हामीलाई त पूरा विश्वास थियो मुख्यमन्त्रीको नेतृत्वमा बसेका मन्त्रीहरुले गण्डकी प्रदेशमा यति राम्रो काम गर्नुभएको छ जनताको निमित्त काम गर्नुभएको छ भनेर दृढताका साथ हामीले भनेका थियौं तर एउटा के भने केन्द्रमा नेताहरु नमिल्दा, केन्द्रमा नेताहरु नमिल्दाखेरि यो परिस्थिति श्रृजना भएको त हो त। हामी त्यहाँ भन्न नसक्ने, हामी त्यहाँ हाम्रा नेताहरुको कान समात्न नसक्ने अनि दोष  दिएर  यहाँ आउने, यो फ्लोवरमा ल्याउने ? कति नैतिकवान् तपाईहरु त्यो सोच्नुपर्छ कि पर्दैन आखिर किनभने एउटाले गल्ती गर्छ त्यसले सच्याउने काम कसरी जानुपर्छ भन्ने कुरा हामीले हाम्रो नेतालाई भन्ने कि नभन्ने ? यसको म के भन्न चाहन्छु भने यहाँ एउटा मात्र राम्रो काम के भछ भनेर हात ठड्याउने भनेर प्रतिपक्ष साथीहरु आएर अनि काम त भएको छैन भन्दैनौं है भन्दै मन्त्रालयबाट काम भएको छ भनेर फेरि तपाईहरु आफै गर्नुहुन्छ। बुझौं यसकारण म के बुझ्छु भने तपाईहरु गोटी बनिरहनुभएको छ। गोटीको आधारमा चलिरहनुभएको छ चल्नुभएको छ। तपाई ढुक्कका साथ भन्न सक्नुभएन यो मुख्यमन्त्रीको नेतृत्वले कामै गरेको छैन, काम भएकै छैन किनभने संघीयता आइसकेपछि सरकारमा कि त हामी त पहिल्यै प्रदेश सरकारकै पहिलो सरकार सञ्चालन गरेका छौं नि । त्यो पहिलो सरकार सञ्चालन गर्ने नियम कानून बनाउने कसले ? कृषिप्रधान देश  नेपाललाई अगाडि बढाउने कसले ? सबै योजना  त आखिर मुख्यमन्त्रीको नेतृत्वमा काम त भएको छ त तर मैले यहाँ दुःखसाथ भन्नुपर्छ यो गठबन्धन हो। केन्द्रिय तहमा केन्द्रले  जे भन्याछ केन्द्रको नेताले

जे अर्डर दिएको छ त्यहाँ तपाई चल्नुभएको छ। यसमा अब पनि म भन्छु यो अविश्वास प्रस्ताव ल्याएको छ यो आएको राम्रो होइन र यसले भविष्यमा पनि राम्रो काम चाहिँ किनभने सबैले म म भनौं कस कसको आधारबाट हामी यहाँ बस्न आएका छौं माननीय हुन आएका छौं भोलिबाट आउने कि नआउने यहाँ ? आएर भविष्य के छ यहाँ अब बुझौं माननीयज्यूहरु। मिल्छौं कोसँग, जान्छौं को सँग, यो पनि बुझौं। हामी जाने जनतामा हो। समय कति बाँकी छ त्यही २०/२२ महिना मात्र त हो यहाँ बस्न। आखिर जनतामा जानुपर्छ। त्यसको आधारमा मैले भन्छु हामी सबै केन्द्रका दास बनेका छौं केन्द्रका नेताको दास बनिराखेछौं। उसले जे जे भन्छ हामी त्यही मानिरहेका छौं यसर्थ म भन्छु जुन यो आएको जुन यो तपाईको अविश्वासको प्रस्ताव आएको छ यो राम्रो आएको होइन यसर्थ म तपाईहरुसँग के भन्न चाहन्छु भने अझै पनि गण्डकी प्रदेशको प्रगतिको निमित्त कामै गर्ने यदि हो भने हामीले यसलाई फिर्ता लिऔं र हामी सबै एक भएर अगाडि बढ्न अनुरोध गर्दै मेरा शब्द यही अन्त्य गर्दछु धन्यबाद।

## माननीय सभामुख

माननीय श्री मित्र कुमारी गुरुङ सुवेदीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मित्र कुमारी गुरुङ सुवेदी

माननीय सभामुखज्यू, आज हामी अविश्वासको प्रस्ताव माथि छलफल गर्दै यहाँ उभिँदै छौं। मलाई लाग्छ यो समय यो अविश्वासको प्रस्तावमा छलफल गर्नुभन्दा जनता माथि कोरोनाले महामारी खेलाइराखेको छ जुन मरिराखेका छन् जनता जनताले एउटा सिट पाएका छैनन् अस्पतालमा चउरमा बसेर आफ्नो मरन र आफ्नो जीवन मरणको सवाल गरिराखेको छ त्यतातिर हामी जान पऱ्यो त्यसको बदला हामी यहाँ आएर हामी आफैंमा कोरोना संक्रमित भएर अझै हामी माननीयज्यूहरुबाटै एक आपसमा कोरोना सर्ने त्रासमा हामी यसरी बसिराखेका छौं। यो बाहिर हेर्दाखेरि हरेक ठाउँबाट जनताले के भनिराखेका छन् भने

तपाईले नि सुन्नुभएको छ र मैले पनि सुनिराखेको छु हाम्रो गण्डकी प्रदेशका माननीयज्यूहरु कोरोनाको डर होइन सत्ताको लोभले आज सम्म यस्तो बेलामा पनि संसद चलिराखेको छ चलाइराखेको छ हरेकले भनिराखेको छ त्यसको वापजुत पनि हामीले त्यसको उत्तर दिन सकिरहेका छैनौं र विवश छ किन चलिराखेको छ हामीले दवाइ पाएका छैनौं हामी विच बाटोमा यसरी मरन बाँच्नुको बाटोमा हुँदा तपाईहरुले किन सदनबाट एउटा आवाज पनि उठाउनुहुन्न। कोरोनाको जाँच गर्नुहुन्छ तपाईले मात्रै खोई हामीलाई यस्ता प्रश्नहरु पनि गरिराखेका छन्। यो हामी सबैले सुनिराखेका छौं र मलाई लाग्छ यहाँबाट हामीले एउटा कोरोनाको समिति गठन गरेर पठाइएको थियो । कोरोनाको जाँचबुझ गर्न कोरोनाको हरेक अस्पतालमा ११ वटा जिल्लामा पुगेर तपाईले एउटा रिपोर्ट ल्याउनुहोस् भनेर मलाई जुन समितिले त्यो सदस्यहरुबाट मलाई एउटा अध्यक्ष सभापति बनाउनुभएको थियो त्यो अनुसार म पनि त्यो ठाउँमा पुगें र हरेक ठाउँमा जाँदाखेरि सबै ठाउँबाट हामीलाई एकदम सम्मान भयो त्यो ठाउँमा सरकारले गरेको कामहरु प्रशस्त रुपमा उहाँहरुले सरानी गर्नुभयो। तपाईहरु यो सरकारले एकदमै राम्रो काम गर्नुभछ । हरेक ठाउँमा पानी, बत्ती, बाटो हामीले यो ठाउँबाट एउटा बच्चा बोकेर तर्न सक्ने थियौं यो बाटो यस्तो स्थितिमा यो तर अहिलेको यो सरकारले हामी यसरी सहज तरिकाले एउटा गाडी लिएर जाने बातावरण बन्यो हामीले आफनो घरमा एउटा पानी बोक्दाखेरि २ घण्टा समय लागेर हामीले पानी ल्याउन पर्थ्यो तर आज हाम्रो आँगन दैलामा पानी आइराखेको छ । यसैले पनि यो सरकारले सारै राम्रो काम गरेको छ तपाईहरुलाई हामी स्वागत गर्छौं भनेर हाम्रो समितिलाई सबैले एउटा खाता लगाउने, फूलको माला दिने यस्तो कामहरु हामी गएको ठाउँमा भयो। त्यसको लागि त्यहाँका जनता त्यो दुर्गम ठाउँका जनता मनाङ जस्तो ठाउँका जनताले पनि यो सरकारको प्रशस्तै प्रसंसनीय गरे र उहाँले यो सरकारले गरेको कामले हामी त्यहाँ जाने सदस्य माननीयज्यूहरु हुनुहुन्छ यहाँ र उहाँलाई पनि अवगत छ र हामी सबैले एउटा धन्यबादको पात्र भन्यौं। आज अचानक हाम्रो सरकारमा यो जुन खलबल भइराखेको छ यो खलबल मलाई के लाग्छ भने म प्रायः यसरी रोष्टममा आएर बोल्ने म कम बोल्छु।

म धेरै बोल्दा पनि बोल्दिनँ र आज मलाई के लागेको छ भने हामी अविश्वासको प्रस्ताव यसरी ल्याइराख्दाखेरि हिजो सम्म हामी यो कुर्चीमा बस्दाखेरि यो सरकारले गरेको काम असाध्यै राम्रो असाध्यै राम्रो भनेर यहाँबाट भनिराखे आज यहाँबाट ठ्याक्कै त्यहाँ सर्ने बित्तिकै यो सरकारले गरेको काम कत्ति नराम्रो, सबै बिग्रिएको, भ्रष्टाचार गऱ्यो, यहाँ बिग्रियो मलाई त अचम्मै लाग्छ क्या। राजनीति हुन्छ हामी पनि राजनीति म पनि ०३७ सालदेखि राजनीति गरेर आएको मान्छे हुँ तर यो ठाउँमा बसेर जेलमा पनि यो भवनलाई हामीले जेलको रुपमा पनि लिएर बसेको जुन थियो ०६२/०६३ को आन्दोलनमा। हामी पनि एउटा राजनीति गर्ने एउटा म पनि एउटा महिला हुँ तर यहाँको यहै यहाँ बस्दा ठीक त्यहाँ बस्दा बेठीक भन्नु त मलाई त घरि घरि त अलिकति खेल खेले जस्तो बच्चामा हामीले के गर्थ्यौं भने उति खेरै सैनी लाए अनि माटोको टिको लायो अलि छिनमा नमिल्दा ला तेरो सैनी भनेर के माटोको टिका फाल्दिन्थ्यौं । त्यस्तै जस्तो यहाँ पनि के भयो भने यहाँ हुँदा एकदम ठीक असाध्यै राम्रो यो सरकारले गरेको काम कति राम्रो त्यहाँ जाने बित्तिकै त्यो कत्ति नराम्रो त्यस्तो भन्न त भएन है। आत्माले त सराप्छ नि। यो आत्मा साँची राखेर हामी बोल्नुपर्छ। गरेको काम गरेको भन्नुपर्छ नगरेको काम नगरेको भन्नुपर्छ त्यसैले पनि मलाई राजनीति गर्ने हो तर यो ढाँटको राजनीति नगरौं किनभने जनता त हाम्रो सामुन्ने छ। भोलि त्यो जनतासँग जानु छ त्यो जनतासँग जाँदाखेरि हामीले के बोल्ने त्यहाँ जाँदा जनतासँग हामीले के भनेर उभिने ? हामी त उभिन त पर्छ नि त्यो ठाउँमा गएर। त्यही भएर अब केही महिनामा त हामी उभिनुपर्छ। त्यसैले त्यो आफू त्यहाँ जाँदा पछ्यौराले मुख छोप्ने, रुमालले मुख छोप्ने काम हामी कसैले नि नगरौं र आफू त्यहाँ जाँदा शिर उच्च पारेर बोल्ने वातावरण गरौं। आज सम्म हाम्रो सरकारले गरेको काम साच् भन्ने हो भने यो जति हाम्रो प्रदेशहरु छ त्यो प्रदेशको सबैभन्दा राम्रो काम यो प्रदेशले गरिरहेको। तपाईहरुले सबैलाई हिजो तपाईहरु पनि सरकारमा हुनुहुन्थ्यो मन्त्री हुनुहुन्थ्यो सांसद हुनुहुन्छ अब हरेक विषयगत सभापतिहरु हुनुहुन्छ त्यसैले पनि आज फेरि बेठीक भन्नु यो साह्रै नराम्रो साह्रै तल्लो स्तरको कुराहरु हामी नगरौं र एउटा विचार हो, सोच हो, राजनीति

हो बहुमतको सरकार बनाउनपर्ने । साँच्चै भन्ने हो भने हाम्रो यो प्रदेश भनेको हाम्रो एमालेको वर्चस्व भएको ठाँउ हो एमालेको बहुमत भएको ठाउँ हो जुनको बहुमत छ त्यसको सरकार हुनु स्वभाविक हो। त्यो हामी सबैले जानेका छौं तर त्यस्ता कुरालाई अहिले यो गठबन्धन जुन गरिराखेको छ यो गठबन्धन मलाई लाग्छ धेरै दिन त अब टिक्दैन यो हामीले देखेका छौं तर नटिकेर फेरि हामी यता र उता बस्न पर्दा ठिकै हो हिजो हामी त्यहाँ जाँदा यसो भनियो त्यहाँ जाँदा यसो हो भन्ने कुराहरुबाट अलिकति मिल्ने तरिकाले बोलौं र मिल्ने तरिकाले सहज तरिकाले हाम्रो वातावरण अझै अघि गरौं र अहिले हामीले एउटा मुख्यमन्त्री पाउँदामा एउटा मन्त्री पाउँदामा र अहिलेको यो प्रदेशको यो राजनीतिलाई उथलपुथल गर्दैमा हाम्रो विकास हुँदैन र हामी जनतासँग जाँदा साँच्चै नै एउटा शिर ठाडो पार्ने वातावरण बनाएर जाऔं। कहाँ के हुन्छ त्यो आफ्नो ठाउँमा छ तर हाम्रो राजनीति हिजो सम्म हाम्रो विपक्षी दलका नेताज्यूहरुले भन्नुहुन्थ्यो, माननीयज्यूहरुले भन्नुहुन्थ्यो, हामी जहिले पनि तपाईहरुलाई साथ दिन्छौं र कहिले पनि हामी यस्तो गर्नेछैनौं भन्ने कुरा गर्नुहुन्थ्यो मैले पनि सुन्थें तर आज अलिकति नहुँदाखेरि हामीले अविश्वासको मत दिने र को को मन्त्री बन्ने, को को मुख्यमन्त्री बन्ने, को को मन्त्री बन्ने त बसेर सल्लाह गरे हुन्छ नि बरु यो बिरोधको मत दिनुभन्दा । त्यस तरिकाले हामी जाऔं। म अन्तिममा के भन्छु भने यो गण्डकी प्रदेश भनेको एउटा जनजातिको प्रदेश पनि हो। साँच्चै भन्ने हो भने गुरुङ जातिको एउटा प्रदेश पनि हो। यसमा आज हाम्रो सामान्य हाम्रो प्रदेशको मुख्यमन्त्री साँच्चै नै एउटा अब्बल, एउटा बुद्धिजिवी, एउटा हामीले एउटा राम्रो एउटा गुरुङको छोरा हामीले पाएका छौं। यसबाट आजसम्म कुनैलाई तेरो र मेरो गरेको छैन। मेरो जाति हो र तेरो जाति भन्नुभएको छैन त्यसकारणले आज सम्म जति पनि तपाईले हामी सबैले सहयोगका साथ काम गरिराखेको छ यसमा विरोध पनि छैन हामी कसैबाट पनि। यो हिसावले भैराखेको यो हाम्रो सरकार आज फेरि एक दिन दुई दिनमा कहाँ के भयो र यो भयो रे भनेर फेरि यो चहल पहल गरेर यो गर्नु एकदम अस्वभाविक र जनतासँग जाँदाखेरि पनि यो मुख देखाउँदै लाज लाग्दो यस्तो विषयहरु यहाँ चल्यो। मलाई के लाग्छ

भने यो गठबन्धनबाट यदि हामीले सोचिएन र हामी फेरि त्यसलाई न सही हो भनेर हामी जान्छौं भने भोलि यहाँको गण्डकी प्रदेशको जनताले देखाउने छन् त्यसको हविगत मेरो केही भनाइ छैन। हामी त्यो ठाउँमा जाँदा र त्यहाँका जनताले कुन कस्ता हुन् भन्ने कुरा भन्ने कुरा त्यही जनताले देखाउनेछन् र त्यो बेला हामी धेरै समय कुर्न पर्दैन। छिटै नै हाम्रो अघि आउनेछ त्यसैले सबैलाई यो अविश्वासको मत जुन हामीले तपाईले राख्नुभएको छ त्यसको विपक्षमा हामी सबैले मत दिऔं र यसलाई समर्थन गरेर यथावत् सरकारलाई स्थायी सरकार गर्दै अघि बढौं भन्ने सबैलाई अनुरोध गर्दै र जनतासँग जाँदाखेरि जनताले भोलि हामीलाई मुख छोड्ने वातावरण अहिले गठबन्धन जुन हामीले गरिराखेका छौं त्यो गठबन्धनको सरकार त्यहाँ जाँदाखेरि जनतासँग एउटा साँच्चै नै त्यो जनताले त्यहाँबाट त्यो ठाउँबाट बाहिर आउने कामहरु नहोस् र त्यो दिनलाई हामीले धेरै नकुरौं त्यसै भन्दै आज जुन अविश्वासको मत छ त्यो मतको विपक्षमा म उभिँदै मेरा केही थोरै छोटो भनाइ यही अन्त्य गर्दछु नमस्कार धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, यो बैठक ४ बजेर ३० मिनेट सम्मको लागि स्थगित हुन्छ।